'नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स'

# अर्हत ४५

वर्ष ११, अंक २ | बुद्ध सम्वत् २५६७ | ने.सं. ११४३ गुँलाथ्व | वि.सं. २०८० भाद्र १३ गते जनै पूर्णिमा



# पञ्चशील प्रार्थना

उहाँ भगवान अरहत सम्यकसम्बुद्धलाई नमस्कार (३)
म बुद्धको शरणमा जान्छु,
म धर्मको शरणमा जान्छु,
म संघको शरणमा जान्छु,

दोस्रोपल्ट पनि बुद्धको शरणमा जान्छु,
दोस्रोपल्ट पनि म धर्मको शरणमा जान्छु,
दोस्रोपल्ट पनि म संघको शरणमा जान्छु,

तेस्रोपल्ट पनि बुद्धको शरणमा जान्छु,
तेस्रोपल्ट पनि म धर्मको शरणमा जान्छु,
तेस्रोपल्ट पनि म संघको शरणमा जान्छु,

म प्राणी हिंसा गर्ने काम छोड्ने शील राम्ररी पालना गर्छु ।
म चोरी गर्ने काम छोड्ने शील राम्ररी पालन गर्छु ।
म कामरागको विषयमा नराम्रो आचरण गर्नेछैन ।
यो शील राम्ररी पालन गर्नेछु ।

म झूट कुरा बोल्ने बानी छोड्ने शील राम्ररी पालन गर्छु ।
म बेहोसको कारण हुने रक्सी, जाँड आदि लागूपदार्थ
सबै छोड्ने शील राम्ररी पालन गर्छु ॥

*साभार : श्री महामञ्जुश्री गुरु गुठी संस्थाको गोजीपात्रोबाट*

# अर्हत
त्रैमासिक

वर्ष ११ | अङ्क २ | बुद्ध सम्वत २५६७ | नेस.११४३ गुँलाथ्व
वि.सं. २०८० भाद्र १३ गते जनै पूर्णिमा

सल्लाहकार
रत्नसुन्दर शाक्य
चन्द्रबहादुर उलक

सम्पादक/प्रकाशक
उद्धव सुजखु

बौद्ध दर्शन अध्ययन समाजको
सहयोगार्थ प्रकाशित

बजार व्यवस्थापन तथा वितरण
बालमुकुन्द बासुकला

विज्ञापन सङ्कलक
लक्ष्मीप्रसाद रंजित

कम्प्युटर सेटिङ्ग
राजन सिमाछ्वा

मुद्रण
सिद्धि गणेश अफसेट प्रेस
चोर्चा-७, भक्तपुर
फोन नं. ६६१४७९३

Email: arhattraimasik@gmail.com

सहयोग रु. ५०।-



## यसभित्र

| | | |
|---|---|---|
| भगवान् बुद्धको सांस्कृतिक क्रान्ति | भिक्षु अश्वघोष | ४ |
| युवा वर्गका लागि ध्यान भावनाको महत्त्व | भिक्षु भद्दिय महास्थविर | ६ |
| धर्म निरपेक्ष नेपाल २०७२ को उपलब्धी | भिक्षु विपस्सी महास्थविर | ८ |
| कपिलवस्तुस भगवान् | चित्तधर हृदय | १४ |
| लुम्बिनी पुनरुद्धार प्रसँग | रत्नसुन्दर शाक्य | १८ |
| Dharmaditya Dharmacharya | H.L Singh | २४ |
| नेपालको संविधानमा महामानव बुद्धको स्थान | तिलकमान गुभाजु | २९ |
| जिम्मेवारी र कर्तव्यबोध गराउने | विष्णुगोपाल कुसी | ३३ |

# सम्पादकीय

देवदतको धनुषवाणद्वारा घायल भई रगताम्य भएर छटपटाएका हाँस सिद्धार्थको अगाडि अयानका खस्दा हाँस कसको भन्ने कुरामा दुईजना बिच उठेको विवाद अहिले नेपालको सन्दर्भमा सम्झन लायक छ । जीवनको अधिकार भनेको बचाउन खोज्नेको हुन्छ, जीवनलाई नाश गर्न खोज्नेको अधिकार बिल्कुल हुँदैन । तसर्थ, हाँसलाई बचाउन खोज्ने सिद्धार्थ कुमारको होस् दरबारको सभामा यही फैसला भएको थियो ।

आज नेपाल र यहाँका जनतालाई घायल पार्ने थुप्रै धनुषवाण छेडिएका छन् । उखु किसानी, मिटर ब्याज पीडित, सहकारी ठगी, नक्कली भुटानी प्रकरण, सुन काण्ड, ललिता निवास प्रकरण आदि जिउँदा उदाहरणहरू हुन् । यसले देशको नुर गिराएको छ ।

यतिबेला मुलुकका सयौं सहकारी प्रमुखहरू सर्वसाधारणको अबौं रकम हिनामिना गरी फरार छन् । जनताले खाइ नखाई जम्मा गरेको पैसा लिएर सञ्चालकहरू भाग्दा निक्षेप कर्ताहरू चिन्तित छन् । छटपटाएर कति मानसिक रोगी भए । महिनौं लामो सडक धर्नामा बस्दा बस्दैबेहोस हुँदै ढले, कोही निधनै भए । आवश्यक गर्जो टार्न नसक्दा आत्मदाह गर्नसमेत तम्से । विभाग छ, मन्त्रालय छ, सरकार छ, न्यायालय छ, तर कसैले केही गर्न सक्दैन किन ? ठगी गर्नेहरूलाई त जेलमा कोच्नुपर्ने हो । उनीहरूको घरघरानाबाट रकम असुल्नुपर्ने हो, खोइ गरेको ? ललिता निवास जग्गा प्रकरण राजनीति र नीतिगत भ्रष्टाचारको दृष्टान्त हो । प्रजातन्त्र पुन: स्थापनादेखि नै भूमाफियाको आँखामा परेको बालुवाटारको जग्गा हडप्ने जालो गणतन्त्रकालसम्म कायमै रह्यो । पूर्वप्रधानमन्त्री, अर्थमन्त्री, पूर्वमन्त्रीहरूलगायत भ्रष्ट पूर्वसचिव र बहालवाला सचिवहरू, उच्चपदस्थ कर्मचारी संयन्त्रको सेटिङ भएका प्रमाणहरू खुल्दै छन् ।

नेपाली नागरिकलाई नक्कली शरणार्थी बनाएर अमेरिका पठाएबापत करोडौं अबौं रकम असुलेको मुद्दा राज्यविरुद्धकै अपराधको रूपमा चर्चा गरिँदै छ । बहुदलीय प्रजातन्त्र पुनः स्थापना यता सरकारमा गएका नेका, एमाले, माओवादी सरकारका भ्रष्टाचारका काण्डहरू एकएक गरी सार्वजनिक हुँदै छ । ठूला शासक दलका नेताहरू आफैं मुछिएको अनुसन्धानले बताएको छ ।

साहुबाट मिटरब्याजीको रूपमा लिइने ऋण सर्वसाधारण जनताको निम्ति गलपासो

बनेको छ । ब्याजमाथि ब्याज थपेर, त्यसमाथि पनि पीडकले किर्ते कागज बनाएर कहिल्यै ऋण तिर्न नसक्ने तुल्याएको छ । यसको कारण गरिब किसानको घर जग्गा स्वाहा भएको छ । निजी बैङ्क नाफाको लागि खोलिएको हुन्छ । पीडितलाई सस्तोमा ऋण दिँदैन । निजी बैङ्क सबै राज्यको स्वामित्वमा लिएर गरिबलाई ऋण दिने व्यवस्था भए यस्तो हविगत देख्नु पर्दैनथ्यो होला ।

राजनैतिक चेतना, शैक्षिक जागरण र आर्थिक हिसाबले पिछडिएको तराईको अधिकांश जिल्लामा यस्ता समस्या यथावत छन् । यस्तो गरिबको समस्या सम्बोधन गर्ने मामिलामा त्यहाँबाट सरकारमा पटकपटक प्रतिनिधित्व गर्ने दलको कुनै चासो देखिँदैन । भोट बैङ्ककै रूपमा मात्रै जनतालाई प्रयोग गरिएको छ । हिँडेरै तराईदेखि काठमण्डौंसम्म धर्ना कस्न पुगेका पीडितको अवस्था बेहाल छ । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट डेढसय क्विन्टल सुन तस्करी गरेको पछिल्लो घटनामा पनि राज्यसंयन्त्रको मिलेमतो छरपस्त हुँदै छ ।

छिमेकी भारतले बुद्ध भूमि आफ्नो भएको विभिन्न सञ्चारमाध्यम मार्फत दाबी गर्दै छ । भारतको संसद् भवनमा समेत बौद्ध भूमि लुम्बिनी र कपिलवस्तु भारतको नक्सामा पारेर टाँसेको छ । नेपाल सरकार त्यस विषयमा चुइँक्क बोल्न चाहँदैन । भारतमा मात्रै होइन जापान, बेलायत र विश्वभरि नै विभिन्न ठाउँमा बुद्ध भारतमा जन्मेका हुन् भनेर कैयौं किताबमा लेखेको पढ्नु पर्दा वा पढाइराख्दा नेपालीहरूको मन किन पोल्दैन । बुद्धजस्तो हाम्रो राष्ट्रिय विभूतिको कुरा, हाम्रो गौरवको कुरा, हाम्रो इतिहासको कुरा यसरी तोडमरोड गरी भ्रमपूर्ण कुरा पठनपाठनमा ल्याउँदा कुन नेपालीको चित्त दुख्दैन ?

जनताका दुःख पीडा, समस्या कहालीलाग्दा छन् । तर, सत्तासीनहरूलाई त्यसको कुनै मतलब छैन । त्यसैले त अहिलेका शासकहरूप्रति जनतामा वितृष्णा उत्पन्न भएको छ । संसारको जुनसुकै मुलुकको सरकारले आफ्नो जनताको सुरक्षा गर्छ, उनीहरूमा आत्मसम्मानको भाव जगाउँछ । तर, विडम्बना नेपाल नेपालीहरूको हो भन्न सकिने अवस्था आज कमजोर पारिएको छ ।

जनताको मुटुमै घायल पार्ने, देशलाई बर्बादीतिर लैजान खोज्ने देवदत्त प्रवृति हो । त्यस्ताको यो देशमा कुनै अधिकार हुँदैन, देश जोगाउन लागिपर्ने सिद्धार्थ हो । यस्तो सङ्क्रमणकालीन देशको अवस्थालाई पार लगाउन सिद्धार्थको ज्ञानलाई अनुशीलन गर्नु पर्दैन र ?

भवतु सब्ब मङ्गल !

# भगवान् बुद्धको सांस्कृतिक क्रान्ति



✍ भिक्षु अश्वघोष

इशापूर्व ६२३ मा बुद्धको जन्म भएको थियो। त्यसताका भारत, पाकिस्तान, बंगलादेश र नेपाल भन्ने देश थिएनन्। त्यसताका ती भू-खण्डलाई जम्बुद्वीप भनी व्यवहार गरिन्थ्यो। जम्बुद्वीप क्षेत्र १५ लाख ७५ हजार माइलमा फैलिएको थियो रे। त्यसताका समाज चार वर्णाश्रममा विभाजित थियो। ब्राम्हण, क्षेत्री, वैश्य र शूद्र। वैदिक संस्कृतिको इतिहासअनुसार, समाजको व्यवस्था मिलाउन कार्यविभाजन गरिएको देखिन्छ। त्यतिबेला वेद र धर्मको अध्ययन-अध्यापन, यज्ञ-होम, दान लिने तथा कर्मकाण्डको अधिकार ब्राम्हणवर्गलाई दिइयो। उच्चजाति, धर्मको नेतृत्वमात्र होइन, राज्यको अनुशासन, सल्लाह र राजगुरुपदको अधिकारसमेत ब्राम्हणहरूलाई नै दिइयो। राज्य सञ्चालन र दण्डविधान बनाउने अधिकार क्षेत्रीहरूको हातमा गयो। यसरी नै व्यापार, कृषिकर्म, पशुपालन र आर्थिक कारोबार गर्ने जिम्मा वैश्यहरूको हातमा गयो। त्यसताकाको व्यापारी र धनीवर्ग वैश्य नै थिए। यज्ञ-यागादि कार्यको जजमान पनि यिनीहरू नै थिए। समाजमा वैश्यहरूको उच्चस्थान थियो। ब्राम्हण, क्षेत्री र वैश्यको दाससमानको जात थियो- शूद्र। यिनीहरूले सेवकको रूपमा जीवन धान्नुपर्दथ्यो जुन आजसम्म पनि हाम्रो समाजमा यथावत् छ।

ब्राम्हणहरूलाई बालकैदेखि त्रिवेद ऋग्वेद, यजुर्वेद र सामवेद (पछि थपिएको अथर्ववेद) को अध्ययन तथा पुरोहितपरम्पराको कर्मकाण्डको अध्ययन गर्नुपर्ने अनिवार्य शिक्षा लागू गरिएको थियो। अध्ययनमै संलग्न भएको ले अहिलेसम्म बाहुनहरू अध्ययनशील र सुझबूझ भएका हुन्। क्षेत्रीहरूलाई शस्त्रास्त्र प्रयोग गर्ने तालिम लिन अनिवार्य थियो। त्यसको लागि तक्षशिला, विक्रमशिला आदि विश्वविद्यालयको व्यवस्था थियो। कसै कसैले व्यक्तिगतरूपमा पनि अध्ययन गर्दथे।

वैश्यहरूले पैसा सापटी दिने आदि आर्थिक कार्यहरू गर्दथे र यज्ञ आदिमा जजमान पनि भई दान आदि दिने काम पनि गर्दथे (शोषण पनि गर्दथे) यिनीहरूको पनि समाजमा ठूलो स्थान थियो र, आज पनि छ। राजालाई वैश्यहरूको सहयोग अपरिहार्य थियो। उनीहरूको सहयोग बिना राज्य सञ्चालन गर्नु सजिलो काम थिएन। आज पनि व्यापारीहरूको फाइदातिर ध्यान केन्द्रीत हुने गर्छ। यो विधि संसदीय प्रजातन्त्र भएका देशमा मात्र लागू हुन्छ।

ब्राम्हणहरूले शूद्रहरूलाई शोषण गर्ने क्रममा धार्मिक गतिविधिमा भाग लिन र विद्या अध्ययन गर्नबाट पनि वञ्चित गराएका थिए। उनीहरूलाई

चर्पी आदि सफाइ गर्ने तल्लो तहको काममा लगाई दासको स्थानमा राखे । शुरू शुरूमा महिलाहरूलाई धार्मिक कार्यमा भाग लिनदिइन्थ्यो, तर पछि गएर ब्राम्हणवादको प्रभुत्व जमिसकेपछि वेदको अध्ययन र यज्ञ-होम आदि कार्यमा महिलाहरूलाई भाग लिनबाट वञ्चित गराइयो । माता-पिताको दिवंगतपछि उनीहरूको नाउँमा श्राद्ध गर्ने अधिकार पनि पुरुषहरूमा मात्र सीमित पारिदियो । फलस्वरूप पैतृक सम्पत्तिको अधिकार बाट पनि महिलाहरूलाई वञ्चित पारियो ।

विस्तारै महिलावर्गलाई सम्पूर्णरूपले पराधीन बनाउँदै लगियो । जस्तो, बाल्यावस्थामा आमा- बाबुको अधीनमा बस्नुपर्छ । विवाहपछि लोग्नेको अधीनमा रही दासीसरह लोग्नेले भनेजस्तो गरी सेवारत हुनुपर्छ । आफूभन्दा लोग्ने पहिले मऱ्यो भने आजीवन विधवा भई बस्नुपर्छ । भारतमा लोग्नेसँगै सती जाने प्रचलन भएको र बेश्यावृत्ति बढेको पनि त्यही कारणले हों । हिन्दूसंस्कृतिअनुसार जीवनलाई चार आश्रममा विभक्त गरिएको छ ।

(१) ब्रम्हचर्याश्रम = विद्यार्थी जीवन
(२) गृहस्थाश्रम = विवाहित जीवन
(३) बानप्रस्थ = वृद्धजीवन र सन्यासाश्रम =साधु-सन्यासीयुक्त धार्मिक जीवन ।

यज्ञ-होम आदि धार्मिक कार्यदेखि मानिसहरू विरक्त हुन थाले जजमान घटेपछि ब्राम्हण पुरोहितहरूलाई जीविका चलाउन गाह्रो पायो । कृषिमा लाग्नुपयो भनी पुरोहित ब्राम्हणहरू किसान बन्न पुगे । कृषिको लागिं पशुपालन गर्न शुरू गरे । पालिसुत्तनिपातमा कसिभारद्वाज ब्राम्हणको कथामा "ब्राम्हणहरू पनि खेतका काम गर्दथे" भन्ने कुरा उल्लेख छ । खाद-मलको लागि पशुपालन गर्दा गाई-भैंसीबाट धेरै दूध उत्पादन गरी घ्यू बनाउन थाले । अनि उनीहरूले ग्राहककहाँ गएर आफ्ना उत्पादन बेच्न थाले । पछि ब्राम्हण नै वैश्य बने । पालिसाहित्य अनुसार, यज्ञमा गाई बलि दिन्थे । धर्मको नाउँमा हिंसा गर्दथे । हुनत, आजसम्म पनि हामीकहाँ दशैंमा धर्मको नाउँमा प्राणीहिंसा गरेर बलि चढाइन्छन् ।

ब्राम्हणहरू पछि गएर राज्यसत्तामा पुगे । भारतमा र हाम्रो देश नेपालको राज्यसत्तामा ब्राम्हणहरूको प्रमुख हात रहिआएको छ । अब ब्राम्हण-क्षेत्री बन्न पुगे ।

हाम्रै लुम्बिनीमा जन्मनुभएका सिद्धार्थ गौतमले वैदिक समाजको विकृति देखेर वाक्क भै समाजलाई सुधार गर्न नै राज्यसत्ता त्याग गर्नुभयो । यसपछि मानवजीवन सुधार गर्ने र शान्तिमा आधारित आर्यअष्टांगिक मार्गको ज्ञान लाभ गर्नुभई तत्कालीन जनमानसमा सांस्कृतिक क्रान्तिको शुरुवात गर्नुभयो । मिथ्यादृष्टिबाट दुःख नाश हुँदैन, अशान्ति भइनै रहन्छ सम्यक् दृष्टि हुनुपऱ्यो अर्थात् ठीक समझदारी चाहियो । जन्मले कोही पनि ब्राम्हण हुँदैन, जन्मले कोही पनि नीच हुँदैन । आफ्नो कामले नै मानिस ब्राम्हण वा नीच हुन्छ भनी बुद्धले शिक्षा प्रचार गर्नुभयो ।

भगवान् बुद्धले भिक्षुसंघ र भिक्षुणीसंघको स्थापना गर्नुभई आफ्नो संघमा च्यामे, हजाम, कसाई आदि जातिलाई भिक्षु भिक्षुणी बनाउन अनुमति दिनुभयो । पालिसाहित्य थेरगाथा र थेरीगाथामा दलित जाति सोपाक, सुनीत र उपालि भिक्षु बनेर जीवनमुक्त भएको यसको ज्वलन्त उदाहरण हो । वास्तवमा चित्त शुद्ध भएमात्र मुक्ति पाइन्छ । यज्ञ, होम र कर्मकाण्डले मुक्ति पाउन सकिँदैन भने भगवान् बुद्धले आवाज बुलन्द गर्नुभएको थियो ।

# युवा वर्गका लागि ध्यान भावनाको महत्व

✍ भिक्षु भद्दिय महास्थविर

ध्यानको अर्थ के हो ? छोटकरीमा भन्नु पर्दा चित्तको एकग्रता । भगवान बुद्धले करिब २५६१ वर्ष अघि संसारमा ब्याप्त रहेको दु:खको कारण र त्यसबाट मुक्त हुने उपाय खोज्ने क्रममा आफ्नो ६ वर्षको अथक प्रयास पछि ३५ वर्षको उमेरमा बोधगयामा ध्यान साधनाद्वारा बुद्धत्व प्राप्त गर्नुभयो । उहाँले प्राप्त गर्नु भएको ज्ञान आफैमा मात्र सिमित राख्नु भएन । वहाँले अज्ञानी यस जगतलाई सद्धर्मको मार्ग दर्शन गराउनुभयो। निर्वाण लाभ गर्न धेरै मानिसहरूलाई मद्दत गर्नु भई सम्यक सम्बुद्ध बन्नुभयो । बुद्धले ध्यानलाई नै मन शुद्ध गर्ने विधिका रुपमा ब्याख्या गर्नुभयो। ध्यानलाई नै सर्वोच्च महत्त्व दिनुभएको छ। तथागत स्वयं पनि आफू युवा हुँदा यही ध्यान साधनाको बलले मारलाई पराजित गरी सम्यक सम्बुद्ध बन्नु भएको थियो । यसैबाट थाहा हुन्छ ध्यानको चमत्कारीक शक्ति कस्तो छ भनेर ? ध्यानले नै चित्तलाई परिशुद्ध गर्दछ र शुद्ध चित्तले नै सम्यक कर्म गर्न र अकुशल कर्म नगर्न निर्देशन दिन्छ। अब भन्नुहोस - यस्तो गुणकारी ध्यानको आवश्यकता कसलाई नहोला ? ध्यानले मनको चेतनालाई बढाउँछ । कुशल र अकुशल कर्म विचको भिन्नतालाई छुट्याइदिन्छ । अझ युवाहरूको लागि त यो अपरिहार्य छ । बुद्ध भन्नुहुन्छ -

योगा वे जायती भुरी, अयोगा भूरिसङ्खयो
एतं द्वेधापथं ञत्वा भवाय विभवाय च
तथात्तानं निवेसेय्य, यथा भरि पवड्ढति

यसको अर्थ : योग अभ्यास अर्थात ध्यानबाट प्रज्ञा उत्पन्न हुन्छ र ध्यानको अभावले प्रज्ञाको क्षय पनि हुन्छ ।

प्रज्ञाको उत्पति र बिनासको क्रमलाई बुझी आफूले आफूलाई यसरी विनीयोजन गर्नुपर्छ, जसबाट प्रज्ञाको बुद्धि हुन सकून। ध्यान साधना भनेको प्रज्ञा बृद्धिको माध्यम हो। जोसँग प्रज्ञा छ उसँग सम्यक जीवन जिउने कला हुन्छ ।

मलाई याद छ एक पटक युवाहरूले भनेका थिए "ध्यान भनेको त बुढेसकालमा गर्ने चिज हो।" कस्तो विडम्वना बुद्ध जन्मभूमिमा बसेर हामीलाई ध्यानको महत्त्वबारे केही पनि थाहा छैन। ध्यानलाई बुढापाकाहरूले गर्ने निश्क्रिय कर्मको रुपमा औंल्याइदिंदा युवावर्गमा ध्यान भावनाप्रति कतिपनि आकर्षण नभएको प्रष्ट हुन्छ। युवा भनेको देशका मेरुदण्ड हुन र उनीहरूको मिहेनत र परिश्रमले समाजमा ठूलो परिवर्तन ल्याउनसक्छ। ती युवाहरू जो मानसिक तथा शारिरिक रूपमा परिपक्व तथा सक्षम छन्, कुनै पनि देशको लागि, समाजको लागि अनि समृद्धिका लागि खाँचो हुन्छन् ।

आजको यस आधुनिक युगमा हामी देख्न सक्छौं युवाहरू कसरी छटपटिरहेका छन् । कोही धनलाभको नाममा अनेक कुकर्म गरेर, कोही कुलतमा फसेर, कोही कुसँगतमा लागेर, कोही व्यभिचारमा कोही जानी नजानी हत्या चोरी जस्ता जघन्य

अपराधमा समेत संलग्न भएर । सामान्यत: युवाहरूले जिउने कला नजान्दा, ईर्ष्याभाव, मोह तथा रीसको चंगुलमा परेर आफ्नो व्यक्तिगत तथा पारिवारिक जीवनलाई कष्टपूर्ण पारिराखेका छन् । यस्तो अवस्थामा कुनै पनि युवाले कसरी सृजनात्मक काम गर्न सक्छ ? कसरी परिवार, समाज र देशलाई अगाडि बढाउन सक्छ ? बरु उल्टै हानी पो पुऱ्याउने देखिन्छ ।

अहिलेका युवाहरू मानसिक रूपले तनावमा हुनसक्छ । कसैलाई कामको तनाव, कसैलाई पढाइ र शिक्षाको पीर, कसैलाई घरको पीर; कसैलाई आमाबुबाको पीर, कसैलाई दाजुभाईको पीर, कसैलाई छोराछोरीहरूको पीर र कसैलाई आफ्नो आफन्तहरूको पीर । यस्तै अनेकौ बन्धन तथा अड्चनले युवाहरूमा नकारात्मक सोच, डिप्रेशनजस्ता मनको विकारले सताइरहेका छन् । कसै कसैले त यस्ता अनेकन समस्यासँग जुझ्न नसकी आफ्नो प्राण आफैले लिएका घटनाहरू हामीले दिनहुँजस्तो देख्न र सुन्छौं । युवाहरू जसले केही सृजनशील तथा लोकहितको लागि कार्य गर्नुपर्दछ उनीहरू नै यस्ता समस्याले ग्रस्ट छन भने एउटा सुन्दर समाजको कल्पना कसरी साकार हुन सक्दछ ?

ध्यान गर्ने युवावर्गको मन शान्त रहन्छ, शुद्ध हुन्छ र स्वत: यसले बचन कर्मलाई सम्यक बनाउँछ । मानसिक तनावलाई ध्यानले सकार त्मक पथ प्रदर्शणको कार्य गर्दछ । क्रियाशील युवाहरूकोलागि त एक गुरुले जस्तै मार्ग दर्शन गराउँछ । एक आमाले जस्तै स्याहारसुसार गर्दछ । एक वैद्यले जस्तै उपचार गर्दछ । ध्यानले युवा होस या वृद्ध सबैको लागि अचुक ओखतीको रूपमा काम गर्छ । दु:खको सही ज्ञान दिलाउँछ, अनित्यले भरिएको यस संसारलाई छर्लङ्ग पारी दिन्छ र सद्धर्मको चेतनालाई वृद्धि गर्छ । ध्यान यही नै हो जसले सिद्धार्थ गौतमलाई भगवान गौतम बुद्ध बनाइदियो । आफ्नो मानसिक सन्तुलन गुमाएकी पटाचारीलाई निर्वाण पदसम्म पुऱ्याइ दियो । दस वर्षको एक्लो छोरा गुमाएकी कृषागौतमीलाई निर्वाण पद प्राप्त गराउनु भयो । हत्यारा अंगुलीमाललाई अहिंसाको पाठ सिकायो । युवाहरूमा ध्यानको आवश्यकता अपरिहार्य छ । हरेक मान्छेमा ध्यान भावना हुनु जरुरी छ । बुद्धले पत्तालगाएको यो अनुपम बाटोमा आजका युवाहरूले पनि आफ्नो प्रज्ञालाई प्रज्वलित पारी आफू र लोकको कल्याण गर्न सक्छन् । श्रद्धा र निष्ठापूर्णक परिश्रमका साथ ध्यान बस्न सक्यौं भने हामी सबैले निर्वाण प्राप्त गर्न सक्छौं ।

◆


हार्दिक मङ्गलमय
शुभकामना
बौद्ध दर्शन अध्ययन समाजको सहयोगार्थ प्रकाशित बौद्ध साहित्यिक पत्रिका 'अर्हत्' त्रैमासिक निरन्तरताको हार्दिक शुभकामना !

सिद्धि गणेश
खानेपानी सेवा
इनाचो-७, भक्तपुर
सम्पर्क नम्बर
९८४१२३४९३५, ९८०८०३१३०४

# धर्म निरपेक्ष नेपाल २०७२ को उपलब्धी

प्रस्तोताः भिक्षु विपस्सी महास्थविर,
मुनि विहार, भक्तपुर, नेपाल।

वि.स. २०७२ साल भाद्र ३ गतेलाई आउने पीढीद्वारा यस कुराले पनि याद राखिनेछ कि २००७ सालदेखिको नेपालीहरूको आकांक्षा सार्वभौमसत्ता सम्पन्न नेपालको विधान सभाबाट नेपालीको लागी नेपालीद्वारा नै संविधान लेखेर प्रथम पटक लागू गरिएको थियो। विगत २०५२ सालदेखि माओवादी दलले सशस्त्र जनयुद्ध थालेको तथा विगत २०६२ सालदेखि देशका सबै प्रमुख राजनीतिक दलहरू मिलेर सहकार्य गर्नाले आजको दिन आउन सकेको हो। यसको लागि अरू दलहरूसँग सहकार्य गर्नुको विकल्प नरहेको त पक्कै पनि हो। किन कि माओवादी दलले देशको सरकारलाई जितेर होइन कि बहुलवादको सिद्धान्त अपनाएर चुनाव लडेर शासनमा पुगेको हो। बरू यस सहकार्यले माओवादी क्रान्ति थाल्दा जे जस्तो आशा र आश्वासन दिइएको भए पनि ती हदैसम्म रूपान्तरण भएको सबैले अनुभव गरेको हुनुपर्दछ। यस्तो अवस्थामा आएको यो संविधान माओवादी दलका नेता, कार्यकर्ता तथा मतदाताहरूलाई समेत 'नखाउँ भने दिनभरीको शिकार, खाउँ भने कान्छाबाबुको अनुहार' भन्ने आहान चरितार्थ भएको अवस्था नेता बाबुराम भट्टराईको प्रतिक्रियामा नै झल्किन्छ। यस संविधानका विभिन्न पहलुमाथि जानिफकारहरूबाट छुट्टाछुट्टै छलफल हुने नै छन्। हामी यहाँ बहुसङ्ख्यक नेपालीहरूको चाहना रहेको धर्मनिरपेक्ष नेपाल घोषणासम्बन्धी केही छलफल गर्दछौं।

हामी सार्वभौमसत्ता सम्पन्न नेपाली जनताबाट घोषणा गरिएको नेपालको संविधान २०७२ को प्रस्तावनामा नेपाल धर्मनिरपेक्ष राज्य भएको उल्लेख छ। फेरि यहि संविधानको धारा ४ मा यस्तो उल्लेख छः धर्मनिरपेक्ष भन्नाले सनातनदेखि चलिआएको धर्मसंस्कृतिको संरक्षण लगायत धार्मिक, सांस्कृतिक स्वतन्त्रता सम्झनु पर्दछ।
नेपाल वृहद्शब्दकोशमा दिइएको अर्थ यस्तो छः
सनातन : आर्यहरूमा प्राचीनकालदेखि चलिआएको मानवीय धर्म,
शिव, विष्णु, ब्रह्मा, लक्ष्मी, दुर्गा र सरस्वतीका निम्ति प्रयोग हुने नामसंज्ञाह
वेद, पुराण, तन्त्र, मूर्तिपूजा आदिद्वारा समर्थित अहिलेको हिन्दू धर्मह

यसबाट स्पष्ट नै छ कि यो संविधानले सर्लक्क, पूर्ण र सोझो होइन कि अष्टावक्र बनाएर कुरा बग्याउँदै घुमाउरो पाराले राज्यले पुरानै शक्ति हिन्दू सनातन धर्म वा वर्णवादीहरूलाई संरक्षण दिने उल्लेख छ। धर्मनिरपेक्षका पक्षधरहरूको दवाबमा परी हिन्दू शब्दको प्रयोग गर्न मात्र बारेको छ। यो त पतिको नाम नलिने पुरानो बारनतारन मान्ने कुनै महिलाले 'ए छोराको बाबु' भनी पतिलाई संबोधन गरेको जस्तो मात्र भयो। मूल आशयमा फरक छैन। यो आडम्बरी वा देखावटी धर्मनिरपेक्ष संविधानले

भविष्यमा कस्तो रूप दर्शन दिने होला, त्यो त हेर्न बाकी नै छ ।

कुनै पनि विषयलाई पूरै कालक्रममा हेरेपछि मात्र ठिक ठिक स्वरूप देखिन्छ । कालको प्रसँगमा भविष्यभन्दा पहिलेकोलाई वर्तमान अनि वर्तमानभन्दा पहिलेकोलाई अतीत भनिन्छ । वर्तमानमा बसेका हामीले भविष्य आकलन गर्नको लागि हाम्रो सरोकार भएको सनातन र हिन्दूसम्बन्धी अतीतकालका केहि पहलूहरूलाई हेर्ने कोसिस गर्दछौं ।

हामीकहाँ मानव समाजमा चल्ने तँछाडमछाडमा शान्तिपूर्ण ढंगले बहुजन हिताय, बहुजन सुखाय उद्देश्यले मानवपक्षीय विचार र व्यवहारको नेतृत्व सभ्यताको मिर्मिरे उज्यालोदेखि नै बौद्धशिक्षाले गरिआएकोमा यसलाई सनातनी वर्णवादीहरूबाट निरन्तर द्वन्द, आक्रमण र दमन भइआएका छन् । यिनै घटनाहरू उनीहरूका देवीदेवताहरूका लीला भनिने कथा, महात्म्य र पुराणहरूका विषयवस्तु भएका छन् । देवासुर संग्रामका कथाहरू बताउँछन् कि सनातन भनिएका ब्रह्मा, विष्णु, महेश्वर, गणेश र चामुण्डा आदि देवीदेवताहरूले असुर र दैत्य नाम दिएर वर्णविरोधी र अवैदिक बौद्ध, जैन, आदिवासी र जनजाति आदिलाई विनाश गरेर वैदिक ब्राह्मणसत्ता कायम गरेका थिए । सबभन्दा सक्रिय विष्णुले बारम्बार अवतार लिएर गरेका लीलाले कुरा झन स्पष्ट पारेको छ । दश अवतारहरूमध्ये ७ वटा मानवीय अवतारहरू निम्नलिखित ढंगले समीकरण भएको पाइन्छ ।

१. नृसिंह अवतार भनेको बौद्ध मौर्यराजवंशको नाश गरेर पुष्यमित्रले ब्राह्मण राजवंश कायम गरेको कथा ।
२. वामन अवतार भनेको वर्णवादीहरू बौद्ध भिक्षु बनेर बौद्धअनुयायीहरूलाई छलकपट गरेको कथा ।
३. परशुराम अवतार भनेको गुप्त वंशका सनातनी शासकहरूले वैदिक नियमहरू कडाइका साथ लागू गरेर बौद्ध नाश गरेको कथा ।
४. राम अवतार भनेको गुप्त वंशका सनातनी शासकहरूले वैदिक नियमहरू कडाइकासाथ लागू गरेर बौद्ध नाश गरेको कथा ।
५. कृष्ण अवतार भनेको वर्णव्यवस्था ईश्वरले बनाएको भन्ने प्रचार गरी बौद्ध प्रभावबाट रक्षा गरेको कथा । (प्रतीकरूपमा गोवर्धन पर्वत उचालेर बाढीमुक्त गरेको)
६. बुद्ध अवतार भनेको विष्णुले छलकपट गर्न लिएको भेष हो भनी जैन तथा बुद्ध भगवान सम्बन्धी दुष्प्रचार गरेको कथा ।
७. कल्की अवतार भनेको भारतमा बचेखुचेका बुद्धधर्मावलम्बीहरूलाई वैदिक वा सनातनीहरूले नाश गरेको कथा । गयामहात्य कथाको अर्थ पनि त्यही हो ।

विष्णुका अलावा सनातन भनिएका ब्रह्मा, शिव, चामुण्डा, गणेश तथा अरू देवीदेवताहरूले पनि भारतवर्षका विभिन्न भूखण्डमा र विभिन्न कालखण्डमा अमानवीय वर्णव्यवस्थाका समर्थक कट्टर सनातनी वा वैदिकहरूका पक्ष लिएर आफ्ना अनुकूल नभएका वा विरोधी व्यक्ति र समूहहरूलाई नाश गरेका कथाहरू छन्, जुन कि इतिहासले पनि सिद्ध छन् । यस्ता दुर्व्यवहारहरू अहिलेसम्म पनि ठाउँठाउँमा बेलाबेलामा भइरहेका देखिन्छन् । नेपाली विकिपिडिया जस्तो आधुनिक संचार माध्यममा बुद्ध भगवानले वैदिक धर्म प्रचार गरेका थिए भनेर लेखी बुद्धका विषेशताहरूलाई छोपेर बौद्धसमाज, बौद्ध संस्कृति

तथा बौद्धपरम्परा नाश गर्ने प्रयास अझै जारी छन् । यसरी हेरक उपायद्वारा बौद्ध, जैन, आदिवासी र जनजातिलाई नाश गर्नमा उत्ताउलो देखिएका देवताहरूको पूजामान गर्ने सनातनदेखि चलिआएको परम्परालाई मात्र राज्यले संरक्षण गर्ने उल्लेख हुनुले पक्षपात कायम रहेको स्पष्ट नै छ । एकातिर सम्पूर्ण किसिमका जातिपाति र छुवाछूतको व्यवहारलाई दण्डनीय बनाउने र निर्मूल गर्ने भनी उल्लेख भएको संविधानमा फेरी सनातलदेखि चलीआएको वर्णव्यवस्था, छुवाछूत आदिका प्रचारक वेद, पुराण, अनि त्यसका स्रष्टा र पक्षधर अनि सनातन मानिएका देवी देवताहरूको पूजामान गर्ने परम्पराको संरक्षण गर्ने भनेको पनि अर्को आफैमा अन्तर्विरोधी उल्लेख हो । यसबाट गैरसनातन धर्मावलम्बीहरूलाई चिन्तित तुल्याएको छ । वेद, पुराण तथा तन्त्र आदिको सबभन्दा बढी प्रचार भएको स्थान जम्बुद्वीपमा यसले मानवतावादी खुल्ला सभ्यता नाश गरेको इतिहास छर्लंग नै छ । संविधान मस्यौदाकारहरू पनि ती नाश गर्नेहरू कै पक्षधरहरू रहेको हुनुपर्छ । अथवा उनीहरूले यस विषयमा गहिरिएर अध्ययन तथा चिन्तनमनन गर्न पाएका थिएनन् । धर्मशास्त्रहरूको आधुनिक अध्ययन भएकाहरूको सहभागिता आवश्यक थियो, पाइएन वा पाएर पनि वास्ता गरिएन। धर्मनिरपेक्ष नेपाल यस्तो बिरूप भएको विभिन्न पक्षलाई चित्त बुझाउनुपरेकोले पनि हुनसक्छ । प्रश्न यो हो कि राज्यले सनातनदेखि चलिआएको उपरोक्त किसिमका हिंस्रक तथा अतिवादी धर्मसंस्कृतिलाई संरक्षण गरेपछि सबै धर्महरूलाई स्वतन्त्रता दिने भनी संविधानले बोलेको कुरा कसरी पूरा होला र ?

पौराणिक ग्रन्थहरूको कालपछि ईशवीको ११ औं शताब्दीदेखि भारतवर्षमा मुसलमानहरूको विजय तथा तिनकै संरक्षणमा केहि ब्राह्मण राज्यहरूको निरन्तरता रहेको बेलामा मुसलमान बाहेकका सबै भारतवासीहरूलाई हिन्दू समूहमा पारेर व्यवहार गर्ने तथा गराउने गरेकोले सनातनी ब्राह्मणहरू अरूको अधिकार खोस्न सफल भए । जसबाट बौद्ध तथा जैनहरूको अस्तित्व समाजको तथा शासकहरूको नजरबाट गुम्नगएको थियो । मुसलमान तथा अङ्ग्रेज शासकहरूले पनि समाजलाई गहिरिएर अध्ययन गरी आफ्नो स्वविवेक प्रयोग गर्नुको सट्टा आफ्नो नवविजित शासन अकन्टक बनाइराख्न सहायक ब्राह्मणहरूलाई प्रसन्न पारीराख्नको लागि सामाजिक व्यवहारमा हस्तक्षेप नगर्ने नीति लिएकोले वर्णवादी समाज झन बलियो भयो र गैरवर्णवादी बौद्ध, जैन, आदिवासी र जनजाति आदि विविध समूहका खुल्ला समाजव्यवस्था नाश भएको थियो । फलस्वरूप क्रमश: नेपाल तथा बंगलादेशमा मात्र थोरै मात्रामा बाकी बच्ने गरी भारतवर्षमा बुद्धानुयायीहरू पूर्णरूपले बिलाएको थियो । डा. भीमराव अम्बेडकरको भनाई अनुसार भारतवंर्षका बुद्धमार्गी जनता ब्राह्मणहरूको वर्णव्यवस्था कमजोर रहेको क्षेत्रमा मुसलमान बन्न पुगे भने वर्णव्यवस्थाको पकड बलियो भएका ठाउँमा शूद्र वा दलित बनाइए । यो थियो वर्णवादी समाज व्यवस्थाको विरोधी खेमामा उभिनाले बुद्धानुयीहरूले पाएको सजाय ।

अहिले भारतमा १६ प्रतिशत मुसलमान र त्यति नै दलितहरू छन् । कुल मिलाएर ३२ प्रतिशत हुन्छन् । यदि मुसलमानले वा ब्राह्मणले जस्तै आफ्नो पहिचान हिन्दूबाट अलग्ग बनाईराख्न सकेको भए भारतमा बुद्धमार्गीहरू १५-२० प्रतिशत बाकी रहनुमा कुनै समस्या छैन र भारतका ब्राह्मण वा सनातनीहरू बुद्धका हत्यारा भनिने थिएनन् । तर त्यसो हुन

नसकेकोमा बौद्धिकवर्ग दु:ख मान्दछन् । किन कि बौद्धसमाज भनेको समतावदी समाज हो जुनको नाश भनेको समतावादी समाजको नै नाश हो । यसले गर्दा भारतले बुद्धसँग सम्बन्धित अमूल्य मानवीय सांस्कृतिक परम्पराका सम्पदा गुमाउनुपर्यो । बुद्धानुयायीहरू निर्मूल हुनाले नेपालको तराई क्षेत्रमा पनि बौद्धसम्पदाहरू माटोमुनि पुरिनगएको थियो । सनातनदेखि चलिआएको धर्मसंस्कृतिको संरक्षण भईआएको यो क्षेत्रमा बुद्धानुयीहरू भने पूर्णरूपमा विनाश भएको थियो । यसबाट थाहा हुन्छ कि सनातन भनेको बुद्धधर्म होइन । सनातन धर्म मान्ने भनेको बुद्धधर्म मान्ने भनेको पनि होइन । त्यस्तै संविधानमा उल्लिखित सनातनदेखि चलेका धर्म संस्कृतिलाई दिइने संरक्षण बुद्ध, जैन, सिक्ख, किरात, मुन्धुम, बोन आदि धर्मले पाउने पनि होइन । तसर्थ संविधानमा नेपाललाई धर्मनिरपेक्ष राज्य घोषणा गर्ने प्रयास राष्ट्रियता, धर्म र संस्कृतिको परम्पराको अक्षुण्णता तथा विकासको हिसाबले अत्यन्त सराहनीय छ। उनीहरू झगडालु भए, भन्नु धृष्टता हुनेछ ।

भारतमा अङ्ग्रेज राजले पूर्ण आकार लिइसकेपछि भारतीय जनतालाई एउटै राष्ट्रियतामा बाँध्ने योजना अनुसार नियमावलीहरू संग्रह तथा सम्पादन गर्न थालिएको थियो । सन् १९२० देखि शुरू भएको यो योजनाले बनाएको मस्यौदा सन् १९४८ मा मात्र स्वतन्त्र भारतको संविधान सभाबाट पारित भयो जुनलाई हिन्दू कोड बिल भनिन्छ । यसमा हिन्दूको परिभाषा नकारात्मक रूपले गरिएको छ । 'भारतीय नागरिक जो मुसलमान होइन, पारसी होइन, यहूदी होइन र क्रिष्टियन होइन, ऊ हिन्दू हो', भनी लेखिएको छ । यो कोडबिल सबै हिन्दूहरूलाई समानरूपले लागू हुनेछ भन्ने पनि लेखिएको छ । यसरी घुमाउरो भाषाले यो बिलमा बौद्ध, जैन, सिक्ख समेतलाई कानुनी व्यवहारमा हिन्दू बनाइएको छ । यसले भारतमा अल्पसङ्ख्यक रहेका यी समुदायहरूको कानुनी व्यवहार चलीरहेको छ । तर नेपालमा भने हिन्दूशासकवर्ग भारतमा जति पनि उदार भएन । सनातनीहरूबाट चलाइएको अवधारणा अनाचरिय अर्थात् आचरण गर्न नहुने भन्ने बिल्ला बुद्धधर्मलाई भिडाएर तदनुसार नै ऐनकानुन तर्जुमा गरेर बौद्धदमन गरिरह्यो । बुद्धानुयायीहरूप्रति सरकार वादी भएर गरेका अत्याचारको सूची लामो छ । यसै क्रममा सन् १९२६, १९३७ तथा १९४४ मा नेपाल सरकारबाट भिक्षुहरू देशनिर्वासित समेत भयो । सन् १९५० मा प्रजातन्त्र आएपछि आफ्नो स्थिति केहि सहज भएको अनुभव गरेकोमा सन् १९६० को पञ्चायती संविधानमा नेपाललाई हिन्दू अधिराज्य घोषणा गरेर सरकारी संरक्षणबाट वंचित राखियो । यसलाई बेलाबेलामा भएका संशोधनहरूले पनि सुधार गरेन । अनौपचारिक रूपले बेला बेलामा बौद्धधर्म हिन्दू धर्मको शाखा बोल्ने र बुद्धलाई विष्णुको अवतार मान्छौं भनी जिकिर गरे पनि बुद्धप्रति वैमनस्यतापूर्ण व्यवहार भइ नै रहेको छ । रेडियो नेपालमा एक घंटाको दैनिक हिन्दू धार्मिक कार्यक्रममा ५ मिनेट बुद्धधर्मका कार्यक्रम राखियोस् भनी राजा वीरेन्द्रको समुपस्थितिमा अअनन्दकुटी विहारमा भएको बुद्धजयन्ती समारोहको सभामा गरिएको आग्रह समेत दरबारिया ब्राह्मणहरूले नमान्दा पूरा भएन । आचार्य भिक्षु अमृतानन्द महास्थविरलाई त्रिभुवन विश्वविद्यालयबाट मानार्थ विद्यावारिधी दिने स्वीकृति भएको भनि २०४० सालको दीक्षान्त समारोहमा रेडियो नेपालले प्रसार गरिसकेको पनि ब्राह्मण पदाधिकारीबाट फाइल दबाएर विश्वविद्यालयका

कुलपति राजा वीरेन्द्रको हस्ताक्षर गराउन दरबारमा नपठाइकन तुहाएको अर्को एउटा उदाहरण हो। लेख लामो हुने भयले यस्ता प्रसँग यहि छोड्छु। त्यसबेला किराती धर्मको त अस्तित्वलाई समेत स्वीकारिएको थिएन। मुसलमान र क्रिस्टियनलाई त बन्देज नै गरिएको थियो।

सन् १९९० मा निर्दलीय पञ्चायती व्यवस्था फालेर बहुदलीय प्रजातन्त्र स्थापना भयो। यसमा पनि धर्मनिरपेक्षता आउन सकेन। सन् १९९५ बाट माओवादी सशस्त्र क्रान्ति शुरू भयो। यसका नेताहरूले नयाँ गणराज्यको संविधानमा देशलाई धर्मनिरपेक्ष घोषणा गर्ने मुद्दालाई पनि समाहित गर्यो। त्यसले जनमत पायो र सरकारसँग लड्न लडाकाहरू तयार भए। सन् २००५ को जनक्रान्तिले सबै पार्टीहरू एकजुट भई राजाको शासन फालियो। त्यसपछि बनेको नेपालको आन्तरिक संविधानमा नेपाल धर्मनिरपेक्ष राष्ट्र उल्लेख गरियो तैपनि धार्मिक मामिला सरकारी तथा गैरसरकारी क्षेत्रमा सनातनी ब्राह्मणहरू कै एकाधिपत्य चलिरह्यो। यद्यपि धार्मिक रुचि राख्ने बहुसङ्ख्यक जनता सुन्दर भविष्यको सपना देख्नथालेका थिए। तर माथि उल्लेख गर भैँ राजनीतिमा एकको होइन, अनेकको स्वार्थ जोडिएको हुन्छ। त्यसैले सबैसँग सम्झौता गरेर मात्र अगाडि बढ्न सकिन्छ। केही कुरामा सहमति बनाउन नसक्दा अवधि सकेर पहिलो संविधान सभा नै विघटन भयो। दोस्रो संविधान सभामा भने दलहरूको आकारमा परिवर्तन भयो। पहिले सबभन्दा ठूलो दल माओवादी टुक्रियो पनि। यसले आफ्नो स्थान काङ्ग्रेस र एमालेपछि मात्र पायो। मधेशवादी दल चौथो। आठ वर्ष लगाएर तयार भएको यो संविधान जारी गर्ने बेला पुग्दा मधेशवादी दलहरू आफ्नो एजेण्डा नसमेतिएको भनी बाहिरिए भने एजेण्डा पूरा भएन भनी छोडेको राप्रपा भने फेरि जोडियो। यो संविधानमा ४२६ जना अर्थात् ९१ प्रतिशत मतबाट समर्थन तथा हस्ताक्षर भयो भने बहिष्कार गर्नेहरू ५१ जना मात्र थिए।

यथार्थता यो पनि हो कि बहुमत हुँदैमा सबै सहि हुने होइन। विषयगत विशेषज्ञहरू के भन्छन्, त्यो पनि विचारणीय छ। हामीले उठाइआएको मुद्दा धर्मनिरपेक्ष नेपाल घोषणा पूरा भयो कि भएन त? बहुधार्मिक भनिएपनि कुन कुन धर्म भनी किटान गरिएको छैन। सनातनदेखि चलेको भनेको पहिलेदेखि चलेको अर्थ हो भने कुन कुन पहिलेदेखिको हो, कुन कुन पछि आएको हो, कसरी थाहापाउने र राज्यले कुनलाई संरक्षण गर्ने र कुनलाई स्वतन्त्रता दिने भन्ने सम्बन्धमा संविधान मौन छ। घुमाउरो भाषामा वर्णवादी सनातन धर्मको नै संरक्षण गर्ने भनेको अर्थ भएको माथि नै लेखिसकिएको छ। यसबारेमा हाम्रा धर्मनिरपेक्ष पक्षधरहरूमध्ये फरक फरक समुदायले र व्यक्तिले आफ्ना पृष्ठभूमिमा विचार विमर्श गरी सकभर धेरै प्रचार प्रसार गर्नु आवश्यक छ। म पनि यहाँ केहि लेख्दैछु।

केही शताब्दी पहिलेदेखि नै देशका व्यवस्थापनमा ब्राह्मण सनातनीहरूको बोलबाला छँदैछ। जनतामा पनि उनीहरूको वर्चस्व छँदैछ। संविधानमा पनि सनातनदेखि चलिआएको धर्मसंस्कृतिको संरक्षण गर्ने लगायत... उल्लेख भएकोले हाम्रा सनातनी मित्रहरू ढुक्क हुने ठाउँछ। तसर्थ नेपाल हिन्दू राज्य हुनुपर्छ भनी अनशन बसेकाहरूले आफ्नो माग पूरा भएन भनी दुःख मान्नुपर्दैन। बौद्धधर्मावलम्बी लगायत मुसलमान तथा क्रिस्टियनहरू पनि पूरै निराश हुनु पर्दैन। यो संविधान केहि अग्रगामी छ। देशमा

शिक्षा, यातायात र संचार आदिको व्यापक विकासले समाजको अवधारणामा आइरहेको परिवर्तनको धारा हाम्रो अनुकूल छ । यो संविधानमा नेपाललाई ठाडै हिन्दू राज्य भनी उल्लेख नहुनाले पहिले पहिलेजस्तो हिन्दूको छायाँमा परी बुद्धानुयायी तथा अरू समूहहरू ओझेलमा हराउनुपर्ने स्थितिबाट आगामी दिनहरूमा विस्तारै मुक्त हुनेछन् । वर्णव्यवस्थाको नियम विपरीत रामवरण यादव राष्ट्रपति छन् । लिम्बु सुभास नेम्वाङ संसद सभाका सभामुख छन् । अनेक जनजाति, म्लेच्छ, अनार्य तथा दलित एवं महिलाहरू मंत्री तथा सभासदहरू छन् । देशको व्यवस्थापनमा तथा सामाजिक संरचनामा वर्णव्यवस्थाको मान्यताले बिदा लिंदैछ । विदेशीहरूको आगमन तथा नेपालीहरूको विदेश भ्रमण पनि निरन्तर वृद्धि भइरहेकोले गैरसनातनीहरूको मनोबल उठ्दो छ । बौद्धानुयायीहरूलाई अझ थप भगवान बुद्धको जन्म नै नेपालको लुम्बिनीमा भएकोमा गर्व गर्ने र कहिलेकाही अझ देशका सर्वोच्च महत्त्वका राजनीतिक बैठक र व्यवहारमा समेत बुद्ध भगवानको मूर्ति सम्मानसाथ स्थापना गरिएको देखिनाले अतीतकालमा जस्तो बुद्धानुयायीहरूलाई अन्याय अत्याचार हुनेछैन भन्ने आश्वासन पुगिरहेको छ । यस्तो अवस्थामा सबै वर्गका धर्मावलम्बीहरूले आफुसमा शिष्टता र भद्रताका साथ व्यवहार गर्ने अभ्यासको विकास गर्न सकेमा सबै देशवासीहरू एउटै धारमा बग्नेछौं र नेपाललाई धर्मनिरपेक्ष घोषित गर्न मदत पुग्नेछ । यस महायज्ञमा ३३ कोटी देवाताहरूले पनि आफ्नो समर्थन जनाइसकेका छन् । अनि बलिको पशुलाई घाँस देखाई लोभमा पारे झैं देशमा क्रिस्टियन बढेकोले रोक्नको लागि भनेर हाम्रो ध्यान अन्त पठाई हिन्दू राष्ट्रको वकालत गर्ने यो सनातनको मार हामी आखिर कतिदिनसम्म खाने र सहने ? हामी त चेतनशील मनुष्य हौं । तसर्थ धर्मनिरपेक्ष नेपालको लागि हाम्रो आन्दोलन जारी रहन्छ । २-४ जना बफरा बाउनको युद्धको धम्कीले यो पछाडि हट्नेलाला छैन ।


अधुरो धर्मनिरपेक्ष भएको यो २०७२ सालको जस्तो संविधानको आयु सालाखाल १९ वर्ष हुने विश्वको अनुभव छ भने नेपालको जम्मा १० वर्ष भएको इतिहास हाम्रो सामु छँदैछ । भारतको जस्तो एकचोटी बनाएपछि दीर्घकालसम्म फेर्न नपर्ने संविधान लेख्ने डा. भीमराव अम्बेडकर जस्ता हस्ति हामी कहाँ भेटिएको छैन । तसर्थ कुनै पनि हालतमा हाम्रो काम पूरा भयो भनि हात बाँधेर बस्ने अवस्था छैन । फेरि हरेक दशकमा फेरिइरहने संविधान मैले चाहेको जस्तो आएन भनी विरोधको नाममा हिंसा, मारकाट गरिहिंड्नुभन्दा भविष्यमा हामीले विधान सभा र संसद सभामा सभासद मात्र होइन कि बढिभन्दा बढि नेपालीलाई उपयुक्त संविधान लेख्नमा सक्षम वा संशोधन गर्न सक्ने विशेषज्ञहरूलाई चुनेर पठाई शान्तिपूर्ण ढंगले धर्म निरपेक्ष नेपाल बनाउन हामी प्रयासरत रहनेछौं । अझ यो २०७२ सालको एकथान संविधान पुस्तकले होइन कि यसमा टेकेर आगामी दिनहरूमा बढी अग्रगामी संविधान बनाएर नेपाली जनताको हित जति हुन्छ, त्यहि यस वर्तमान संविधानको उपलब्धी हुनेछ । देशलाई विकासको बाटोमा अगाडि बढाउनेतिर प्रयास गर्नु आजको माग हो ।

पाठ्य सामग्री

*Giovanni VerardiM Hardship and Downfall of Buddhism in India Published by Manohar, New Delhi, 2011.*

◆

# कपिलवस्तुस भगवान्



✍ चित्तधर हृदय

"कुशल पूर्वक शाक्यसिंह वेणुवन आरामस यक्व श्रावक शिष्य मुंकाः जटिल, ब्राम्हण, तापस धर्मया व्याख्यान यानाः च्वंगुलिं पीयूषया पान यानाः च्वन वयाः अन विज्ञ नाना प्रान्तया।"
धैगु थुगु संवाद शुद्धोदन महाराजं सियाः प्राण सम प्रिय पुत्रया ख्वाःस्वेगु इच्छा जुल वया।
कपिलवस्तुस पुत्र सःत्यत सचिवपिं फुक मुंकल, थःगु मनया भाव सकतां वं अमित आज्ञा जुल-
"हे सभासदपिं ! ननानं सैन्यपिं दोछिम्ह ब्वनाः न्ह्याम्ह जूसां छम्ह छिपि उगु राजगृह नगरे वनाः हति ब्वनाः सिद्धार्थ 'छिमि अबु साप हालाः च्वन' धयाः
सचिव छम्ह वँन थुलि धयाः "आज्ञाशिरोपर नाथया।"
राजपुरुषं देश तोतुगु तःन्हु हे दय् धुकल किन्तु ल्याहाँ वःगु मखु सन्देश छुंन छ्वयाः हल।
शाक्यनृपति मेम्ह छम्ह छ्वत सहित सेना दोछिम्ह, वःगु मखु ल्याहाँ व नं तन वंगु थें उदधी हिम।

मेम्ह हानं मेम्ह यायां थुगु प्रकारं गुम्ह छ्वत छाय् अपिं जक वै अनं ल्याहाँ ! जुयाः छ्वत अर्हत।

"वँक्व ल्याहाँ वःगु मखु आःस्वीत छ्वे जिं सः बिसाः !"
नृपतिया सन्ताप जुल अति पुत्रया स्नेहं कयाः।
थुगु बिचारं सोबले खन प्रिय 'उदायी' न्ह्योन्यसं बूम्ह खः गुम्ह सुगत बूखुनु, खः व मुख्य अमात्य नं
वैत सःताः धाल वं अल्य "हा छु भर दु ध्व देहया !
क्यन्य फुला छं बत्स ! सीन्ह्यो ख्वाः छको प्रिय पुत्रया ?"
वं लिसः बिल "देव ! छाय्‌मफु, छःपिसं थौ हे जितः 'भिक्षुजु' धका थुलि अनुज्ञा जक ब्यु ज्वीम्वाः चिन्तित"
"यग्गु जू हुँ छ तात ! छं गौतम ब्वनाः हति केवल न्हयात्थ्य याना नं ननानं" वैत थुलि आज्ञा जुल।
वंन व नं शास्ता लुमंकाः "देवया जय !" थुलि धयाः हर्ष पूर्वक दोछि हे तुं सैन्यपिं ल्यु ल्यू तयाः
शीघ्र ध्यंकः वँन व राजगृहे सुगतया सन्मुख, भिक्षु रुपे खन तथागत नाप पासापिं फुक।
वैत नं जुल ज्वीगु इच्छा शाक्यमुनिया श्रावक वंदना यानाः निवेदन यात "हे कुलनायक !
थमित थें याकन बियाः थौ जिमित नं उपसम्पदा बिन्ति बिन्ति तयाः बिज्याहुनि श्रीचरण नापं सदा"

"दुःख फुक्यंया कारणे वा ब्रम्हचर्ये भिक्षुपिं !"
थुलि धयाः श्री बुद्धदेवं भिक्षु छुत फुक सैन्यपिं, उम्ह उदायी नं ननानं हे स्थविर अर्हत जुयाः
अन च्वनाः छुं दिन लिपा थुलि धाल वं अवसर स्वयाः-

"चिकुला फुत आः वयाः बसन्त,
पृथिवी आः सुचु वा लयाः समस्त,
च्वन वाँउस्य सो अरण्य खण्ड

चुलि जाया: गुं खि, वृक्ष हे मुनीन्द्र !
दुख ज्वी मखु अन्नया अभावं
भति छु लैं ध्व वसन्तया प्रभावं
अति न्ह्याइपु थौ कन्हे पथे ज्वी
करुणागार ! थुथाय् बिज्याय्गु गय् ज्वी ?" (औपच्छान्दिक)
बुद्ध भगवानं उदायीयागु ख्वा: स्वत मुसुकया:
"सुं सँ देशे छ्वेत छायोनं खँ ल्हा: थैं छाय्स्वया:
छाय् थपाय्चो हैं ध्व यात्राया प्रशंसा थौं थन ?"
समय सीका: उम्ह उदायी यात थुलि खँ निवेदन-
"मेगु मखु, ख्वा: स्वेगु इच्छां शाक्यपति शुद्धोदन
धर्मस्वामिन् ! साप हे हाला: बिज्याना: च्वन अन"
"ज्यू उदायी ! वन्यगु जुल, छं भिक्षुपिन्त वना: थुलि
धा: हुँ 'ब्याक्क सिधय्कि यात्रायागु ज्या गुलिमा: उलि' "

सुगतया वचनामृतं अत्यन्त मन हर्षित जुया:
वन व पासापिं दुथाय् गुरुया निपां तुति भोपुया: ।
मा:गु ज्या सकतां सिधय्का: भिक्षुपिं मुंका: अनं
कपिलवस्तु बिज्यात भगवान न्हिं छगू योजन दरं ।
शाक्य नगरे न्यंक जिगि जिगि च्वंक छाय्पा:तल फुक
मूलँ जक मखु खन्यदुथाय् तक सुचुक पिचुक मुगः चुक ।
उख्यर रानीं ज्या व्वया: च्वन राजभवने ब्वां जुजुं
पुत्रया शोकं ख्व ख्वं प्याचुलुगु नेत्रे ख्वबि हु हुं ।
सेविकापिं वैगु ल्यूल्यू ब्वत्तु व्वेका: अञ्चल
जूगु किसि द्वब: कया: आनन्द-खुसि न्ह्या:थे जुल ।
शाक्यसिंह-शशाक खन्यवं सहित श्रावक-तारक
दासि व:गु समुद्र थे पुरया प्रजा जनपिं फुक ।
देशया पिन्य थ्यंक अमिसं वल लँसी सकलें मुना:
प्रथम पुरया मच्त लुचुलुचु वल तिसा वसत पुना: ।
ल्याय्म्हपिं वल रुप, यौवन, स्वास्थ्यया शोभा क्यना:,
बृद्धपिं वल धुं धुपाय् च्याका: फिपू, ताय् स्वां ज्वना: ।
नाप-अमिसं लाय्व भगवान्यात याना: वन्दना
भिक्षुपिन्त सभक्ति तल न्यग्रोध आरामे यना:

उखुनु चच्छि ससंघ अन विश्राम यात तथागतं
शिष्य पिन्त सुधा समानगु विमल धर्मकथा कँ कं ।

लुल मने वस्पोल भगवान्या कन्हे खुनु लें वँ वं-
"थौ पुरे द्वाहाँ वना: काय्मालि भिक्षा गुगुकथं ?"
लुमन शास्ताया पुलांगु खँ का:गु गय् फुक मुनिपिसं,
वं मने तल "कायगु जिं नं नगर सिथया छ्वें निस्यं"
देलुखां दुन्य च्वगुं गृहया न्ह्योन्य थ्यन्यवं छुं क्षण
अन दना: छुं बीव भिक्षा, मेगु गृहया क्वे वँन ।
कपिलवस्तुस भिक्षुसंघं थुगुकथं भिक्षाटन
या:गु नगरे मेगु हे छुं न्हूगु जात्रा जूवन ।
व:गु दोछि व ख्वीप्यदं न्ह्यो गय् लुँबा: केशावती
बा: वया:च्वन पथस अय् हे पीत श्रावकसंहति ।
"का: ! कुमार बिज्यात ।" धा:गु ध्व वाक्य ताय्वं गृह गृहे
सुन्दरीपिनि मन पिब्वांवन ज्या खँ लोमन ब्याक्क हे ।
याय् मला: गुलिस्यां सम्हा: हे तोपुया: तल गाबलं
जा थुया: च्वंपिं हथासं ग्वाय् छुना:सां हाकलं
शीघ्र भौगा: चां क्वसोवल ख्वबि हुहुं कुं का: गुलि,
जा नया: च्वंपिं दना: वल चिपगु ल्हा: स्वीका: गुलि ।
वल गुलिं थाज्या यना: च्वंपिं दिना: अंकथि ज्वना:
छ्ख्यर फैंगू धंक्य धुंका नं व कथि दिक्य लोमना: ।
"सो छु धैगु कुमार गौतम हाय जूगु फ्वना:फ्वना !"
धैगु हे जक पुरस तायदु खँ ल्हा:गु पथस दना: दना: ।

ताल जुजु शुद्धोदनं नं थुगु खँ गय् गय् न्हाय्पनं
"गन दु गन प्रिय पुत्र?" धाधां वल व थ:गु निकेतनं ।
राजमार्गे नाप लात कषायवस्त्रे थ:सुत,
ख्वा:स्वस्वं जुल छुं समयला शाक्यराजा स्तम्भित ।
धाय्गु छुं लोमन वया अन, वैत केवल च्वन स्वया:
शीघ्र हे संयत जुया: वं धाल- "छाय् थथ्व फ्वं जुया ?
भिक्षुपिं थुलिस्यांत नं जिं बी मफैला भोजन ?"
"वं शया आचार ख: थथ्य हन्यगु भिक्षां जीवन"

थ:म्ह काय्या थुगु खँ ताय्वं ख्वा: छको हानं स्वया:
शाक्य जुजु आश्चर्य चाया: धाल "मनुवंशी जुया:
या:गु दु सुनां जक ध्व भिक्षाबृत्ति भी क्षत्रियपिसं ?"
बिल लिस: मुसु मुसु न्हिला: उम्ह शाक्यकुलया तापसं
"मखुत आ: जि व राजवंशी बुद्धकुल आ: जुल जिगु,
ब्याक्क बुद्धपिसं फ्वना: वन, जिं व ज्या गय् तोत्यगु ?
जिगु लिपा नं स्थिर जुया: च्वनि 'बुद्धकाल' ध्व नां जुया:"
नृपति अद्भूत चाल -"थ:हें ज्वीगु कारण कालया !
मर्त्यमानव भीगु ज्या मखु ख: ध्व ज्या जगदीशया,
वैगु इच्छां सृष्टि, लयया ज्या जुया: च्वन विश्वया।"
शाक्यंपति अन व:गु सीका: सचिवपिं नं वल अन,
किन्तु नंवाय् मफु सुनानं: अमित बुद्धं ध्व खँ कन-

"प्रकृति सदा परिवर्तन ज्वी,
ज्वी धुंकल हिमयुग आदि,
हिला: हिला: वनि नियम ध्वया,
मदु सुं चालक थुगु भवया,
वन्य धुंकल प्रस्तरयुग नं
रामायणया व समय नं
आ:यात महाभारतया
नियम मजिल व न्हूगु दया: ।" (जाति १४ मात्रा)

पुत्र क्यंक्यत स्नेह-सूत्रं जा: ग्वया: शुद्धोदनं
धाल-"अथवा थुगु अलौकिक कार्य या हे याय्त नं
राज्य गो, शस्त्रास्त्रा गो, सेना मदयूर्कं ज्वी मखु
देश, धन, बल थुगु कया: या:सा ध्व ज्या ज्वीला बरु"
मूख्य मूढ रहस्य ध्वीका: थ:पिताया वाक्यया
स्नेह-खुसिया भङ्ग न्ह्याना: च्वंगु बौया ख्वा: स्वया:
धाल भगवानं क्यना: फुक ल्यून्य च्वंपिं भिक्षुपिं-
शान्तिया साम्राज्य रक्षा याइपिं ख: न्हां गुपिं
"जिके महाराज ! अपूर्व राज्य दु
ध्व राज्यया रक्षक भिक्षु सैन्य दु
ज्वना: क्षमा-चर्म व खद्ग-ज्ञानया
पुनाव त:पिं दृढ वर्म-शीलया

समस्त तोता: धन दार, सन्तति
कया: सदा केवल वीर्य-सारथी
समाधियाने च्वनिपिं अनुत्तर-
लगाम ख: न्है गुमि चित्तसम्बर ।
ज्वनाव मैत्री धनुयात क्वात्तुक
तया: उकीतुं करुणा-शिलीमुख
निनाद याना: मुदिता-निनादया
सदा उपेक्ष-बल वीरता ब्वया:
सुलाव च्वंपिं दुन्य चित्त-ब्यूहस
परास्त याना: रिपु रागा, द्वेषत
अवश्य ब्वेकै नव धर्मया ध्वजा
समग्र विश्वे गुमिसं छ्चा: हुला: ।
ध्व राज्य ख: केवल क्षुद्र प्रान्तया,
विचार याना: थन आ: बिज्याहुनि
ध्व राज्य आमै जिगु राज्य ख: पुन्ही ।
छिथाय् दु कोलाहल मात्र नर्कया
जिथाय् दु स्वच्छन्द सुशान्ति स्वर्गया
ध्व ख: ध्व सारांश थुकी महादुख
दु तात ! योसा जिगुली महासुख" (वंशस्थ)

पुत्रया ध्व अभूतपूर्व खँ ताय्व शुद्धोदन जुजुं
न्यन छको भसुका: तया: काय्या स्वया: ख्वा: तुलुतुलुं-
"दु:ख दु:ख गज्यागु दु:ख व विभव पूर्ण ध्व राज्यस ?"
वैत सुगतं गस्ल त्वंकल ज्वीगु लिपते पायष-
"सात्तु साला: च्वंगु आगसँ मृत्यु ब्याधि, जरां ज्वना:
छ: पिसं आ:नं मचा:निगु गुलि ध्व अद्भूत धारणा !"
छाय्त छा: ध्व वचन अपाय्चो किन्तु धाात्थे हितकर
लाइ वास: खालु थैं खायूगुलिं हे तिनि ज्वर ।
बौ व कायया भाव लोमन अन व शाक्य नरेन्द्रया
क्लेश ल्वेया वैद्य खन वं पुत्र थ: रोगी जुया:

धाल वं अल्य-"खन अहो खन दु:ख-रोग भयंकर !
वासगृहस बिज्याहुँ भगवन् ! बीत वास: सत्वर "
थ: पितां थथ्य दु:ख खंका: ल्हा:गु करुण वचन न्यना:
बुद्धदेवं बोध यायां बिल यथोचित सान्त्वना-
"ज्यू बिज्याहुँ नु तात ! थौ उगु धर्मया रस त्वंक्य जिं
गुप्त धन लूसा सुयां छुं बीगु थें बौयात निं"
चित्त लोगु ध्व स्निग्धवाणीं हृदय ह्व:म्ह महीपति
बुद्धया गुलुपा: ज्वना: अति धन्य ताल मतिं मतिं ।
वैगु ल्यूल्यू राजभवन बिज्यात शान्तिस्थापक
नाप वनि थें ल्हा: व का ग्रंया नतुया सत्तिक ।

नाप नाप किपालु थें वन भिक्षुपिं नं सुगतया
लाय्कुली मिस्तय्गु ख्वाले लास्य जुल स्मित हास्यया
प्रथम तुति चाय्का: लुखाक्वे सकसितं ल:धा: थया:
रत्नयागु इलां प्यना: क्वे न्यंक दुरुल्वहँतं सिया:
त:गु निर्मल स्फटिकया थां दुगु दलामे दुत यन,
नागपांय दुगु रत्नया पीठे बिज्यमकल श्रीघन ।
भिक्षुपिं नं च्वन छ्चालं लोगु सुन्दर आसने,
गौतमी रानी ख्व ख्वं वल स्नेह भयबीका: मने ।
वैगु ल्यूल्यू शाक्यमुनिया दक्व तुतुमांपि वल
घय्पुना: दुरु त्वंक्य पल्यसा तुति ज्वना: ख्वबि प्वंकल ।
बौ व मांपिं नाप काय्या योग जुल अन उत्तम,
शिष्य जुल गुरुपिं अहो आश्चर्य ! गुरु जुल शिष्यम्ह ।
स्व:गु ख: शुद्धोदनं काययात क्यंक्यत साप हे
च्वन्यत क्यंका: च्वन व थ: हे बुद्धधर्मे न्याक्क हे ।
थुगु खँ रानी गौतमीं उख्य धाय्क्य छ्वत गोपा दुथाय
किन्तु गोपां "यदि जिके छुं भिंगु गुण द:सा जिथाय्
आर्यपुत्र बिज्याइ थन हे तुं" धका अन स्व: मव:
विविध व्यञ्जन पूर्ण जूगु सुवर्णपात्रे सन ध्वः ।
सूप जा, दुरु, धौ व साख:, घ्यो व कस्ति, सिसाबुसा,
का:गु घासा, यक्व मह्रि चह्रि तँत्तु मतु तंतं लिसा

◆


# हार्दिक मङ्गलमय शुभकामना

प्रो. रामप्रसाद किसी
मो. ९८५१०४४३७३


बौद्ध साहित्यिक त्रैमासिक पत्रिका
अर्हतको प्रगतिको लागि कामना गर्दछौं ।

माटो चाहिएमा सम्झनुहोला ।
➢ डी.पी.सी. तथा जग्गा पूर्न र ईंटा भट्टाको लागि माटो चाहिएमा सम्झनुहोस् ।
➢ निर्माण सामग्री र निर्माण साधनको लागि सम्पर्क गर्नुहोला ।

प्रो. कृष्णगोपाल शिल्पकार
मो.नं. ९८४१४७२९५९



प्रो. शिवराम शिल्पकार
मो.नं. ९८४१६१०१६२





अडर अनुसार झ्याल, सँझ्याल, बुट्टादार ढोका तथा विभिन्न थरिका काठबाट बनेका सामानहरू आवश्यक परेमा हामीलाई सम्झनुहोस् ।

DATTATRAYA WOOD CARVING CENTRE
Tachapal-3, Bhaktapur, Ph: 6617048

# लुम्बिनी पुनरुद्धार प्रसँग



✍ रत्नसुन्दर शाक्य

तथागतया जन्मस्थल लुम्बिनी-भिंप्यगूगु शताब्दीया शुरुस (सन् १३१२) पश्चिमी नेपा:या प्रतापी जुजु रिपु मल्लया दर्शनं लिपा यद्यपि छम्ह, निम्ह यात्रुपिं थ्यंगु संभव दु:सानं लिपा वया अज्ञान व उपेक्षाया घोर अन्धकारय् लावन ।

१९ गूगु शताब्दीस एशियाय् हानं सांस्कृतिक जागरणया नसंचा वल । पालि व संस्कृत वाङमय अनुसारया तीर्थस्थल वर्णन व चिनिया यात्री (हुयन साङ, फाहियान आदि) पिनिगु यात्रा विवरणया आधारं बौद्ध तीर्थस्थलत मालेगु ज्या भारतस्थित ब्रिटिश शासनं सुरु या:गु जुल ।

भारतय् लागु बुद्धया संवेजनीय थाय् स्वंगू (बुद्धगया, सारनाथ व कुशीनगर) विशेष याना भारतीय पुरातत्व सर्वेक्षण विभाग (Archaeological Survey of India) या निर्देशक जुया व:म्ह वृटिश पुरातत्वज्ञ जनरल अलेक्जेण्डर कनिंघम (सन् १८१४-९३) या प्रयाशं इश्वी १९ गूगु शताब्दीया उत्तरार्द्धतकया दुने प्रमाणित याता लुइके धुंगु जुल । वयकलं सन् १८७४-७५ स बुद्धया जन्मस्थल लुम्बिनीया अनुमान उत्तरप्रदेशया बस्ति जिल्लाय् लागु मोक्सोन नगरयात यानात:गु ख: तर थ्व पुरातात्विक उपलब्धियां न्ह्यो यागु विचा: जक जुया आधारहीन जूगु ख: ।

थुकिं १८/१९ दँलिपा सन् १८९३ या मार्च महिनाय् बलरामपुर (श्रावस्ती लिक्क) या छम्ह मेजर जसकरणसिंह नेपालया तराई शिलालेख सुधा दुगु अशोक स्तम्भ थ:म्हं खनागु खँ पत्रिकाय् उल्लेख याना हल थुकिं पुरातत्वजगतय् हल्ला-खल्ला मचे जुल । भारतीय पुरातत्व सर्वेक्षण विभागं थ:म्ह छम्ह जर्मन पुरातत्वज्ञ डा. एलोइज एन्टोन फुहरर (Dr. Alois Anton Fuhrer) यात उगु क्षेत्र (नेपालया तराई) य् वना उगु स्तम्भया नापं शिलालेखया फोटो कया हयेत अनुमति बिल । वय्क नेपालया तराई भाल, वय्क यात स्थानीय मनूतयसं अशोक स्तम्भया टुक्रा दुगु थाय्या सूचना (परिचय) बिल गुगु निग्लीहवा (लुम्बिनीं ३० कि.मी. पश्चिम) गांया निग्लीसागर धैगु पुखूसिथय् लाना च्वंगु ख: । वय्क सन् १८९५ या मार्च महिनाय् अन थ्यंक भाया स्तम्भया निरीक्षण एवं शिलालेखया फोटो

नं कयादिल। उगु शिलालेखया विवरणया अर्थ थुकथं खः -

"देवतापिनि यःम्ह प्रियदर्शी जुजु (अशोक) थःगु राज्यभिषेकं झिंप्यदँ लिपा थन वया, थन निकोगू पटक कनकमुनि बुद्धया स्तूप तग्गो याना दयेका विया नापं हानं थःगु राज्यभिषेकं नीदँ लिपा थः स्वयं वया पूजा सत्कार याना थ्व स्तम्भ तया।"

अवलय् वयकलं रुपन्देही (लुम्बिनी) नं छग अशोक स्तम्भ दुगु खँ सिइका दिगु खः, थुकिया निर्तिं वयकःयात नेपाल सरकारं तानसेन-पाल्पाया प्रशासक (वडाहाकिम) खड्ग शम्शेर (अबलेया प्रधानमन्त्री श्री ३ वीरशम्शेरया किजा) यात नापलायेगु सल्लाह ब्युगू खः। अबले वयकलं खड्ग शम्शेरयात नापलाय् मफू। लिपा सन् १८९६ या नवम्बरया अन्तय् थःगु निकोगू निग्लीहवाया यात्राय् वयकलं भगवानपुर (नेपाःया सीमान्त गाँ) या गोर्खा-अफिसरया हेडक्वार्टर (General's Camp) य् खड्ग शम्शेरयात नापलाना दिल। खड्ग शम्शेरं वयकःयात रुम्मिनदेइया उगु स्तम्भ क्यने यंकल गुकिया उत्खनन् (म्हुइगु) ज्या वयकलं यानाच्वंगु खः। डा. फुहररं उगु स्तम्भ अशोक स्तम्भ जुगू-उकि पक्कानं शिलालेख (निग्लीहवाय् थें) दइ भापा निम्हं मिलेजुया हानं म्हुइकांतु वन। धात्थें १ दिसम्बर १८९६ कुन्हु वयकपिंस १९ गूगु शताब्दीया महान आविष्कारया रुपय् लुम्बिनीया उगु स्तम्भय् उगु शिलालेख लुइका दिल गुकिं भगवान बुद्धया जन्म थन हे जुगू खः धका स्पष्ट उल्लेख भारतया मौर्य सम्राट् अशोकं इशापूर्व निगू शदी न्ह्यो याना थकूगु खः। वसपोलं थःगु देशया मागधी भाषाय् थःगु इलय्या लिपिं (धम्मलिपि/ब्राम्हीं) थुकथं उल्लेख याना थकूगु खः -

देवान पियेन पियदसिन लाजिन वीसतिवसाभिसितेन

अतन आगाच महीयिते हिदवुधेजाते सक्यमुनीति

सिला विगदभी चा कालापित सिलाथभे च उसपापिते

हिद भगवं जातेति लुंमिनि गामे उबतिके कटे

अठभागिये च

थुकिया अर्थ खः -

"देवतापिनि यःम्ह प्रियदर्शी जुजु (अशोक) थःगु राज्याभिषेकया नीदँ (२०) क्यंगू दँय् थःहे विज्यात। थन बुद्ध शाक्यमुनि बुगुलिं ल्वहँया पःखा चाहिके बिल हानं छगू शिलास्तम्भ नं थंका बिज्यात। थन भगवान बुगूलिं लुम्बिनी गांयात बलि (पोता) मुक्त याना बिल हानं च्याब्वे छब्वया भागी नं।"

डा. फुहररं लुम्बिनी अशोक स्तम्भया वर्णन जोडदार रुपं प्रचार-प्रसार यानादिल, थुकिं याना हानं छको बुद्ध ऐतिहासिक महापुरुषया रुपय् विद्वत वर्गय्, बौद्धजगतय्, पुरातात्विक संसारय्, नेपाल व भारतया सरकारी स्तर्य तःधंगु प्रभाव तल।

डा. फुहररं जागीरं अवकाश (Retired) काय् धुंकूगुलिं भारत सरकारं हानं छको नेपालया तराई क्षेत्रय् पुरातात्विक थाय्-वाय्या अन्वेषण व उत्खनन् यायेत भारतीय पुरातत्वविद् श्री पूर्णचन्द्र मुखर्जी (P.C. Mukherji) यात सन् १८९७ स थुखे छ्वयाहल। वयकलं छम्ह मेम्ह पुरातत्वविद् डा. हेय (Dr. Hoey) या गुहालीं अशोक स्तम्भया

ठिक पूर्वपाखेया देगलय् दुगु मूर्ति-गुगु सिद्धार्थ जन्म सम्बन्धी लूगु मायादेवीया मूर्ति खः यात म्हसीकल। लुम्बिनीया थ्व मेगु महत्वपूर्ण व आकर्षक वस्तु खः थ्व मूर्तियात मौर्यकालीन हे धयातःगु दु। थुगु ऐतिहासिक महामायादेवीया मूर्ति भूगर्भय् जक लाना वा श्रद्धां पुज्याज्यां थ्युथ्युं ज्यला वंगुथे प्रतीत मजू, उकी आघात (प्रहार) याना तःगु हे खनेदु।

अथे नं. थुगु मूर्तिया स्पष्ट पहिचानया नापं लुम्बिनीया आसपासय्, तिलौराकोट (कपिलवस्तु)य् भचा-भचा जूसां उत्खनन् याना थाय्थासय् पःखा, स्तूपया जग, पुलांगु विहारया भग्नावशेष आदिया थःगु महत्वपूर्ण रिपोर्ट पूर्णचन्द्र मुखर्जी सन् १९०१ स प्रकाशित याना दिल गुकिं कपिलवस्तु, देवदह व लुम्बिनीया पुरातात्विक आधार थनेगु प्रमुख श्रेय वयकःयात जूवन।

थ्वयां लिपा क्रमशः देश विदेशयापिं श्रद्धालुपिं लुम्बिनी यात्रा (अवलोकन) यावल। थ्वहे प्रसंगय् सन् १९२० स थःगु न्हापांगु लुम्बिनी यात्राया बारे महापण्डित राहुल साकृत्यायनं (अवले साधु दामोदर) थुकथं उल्लेख याना तःगु दु-

"भगवानपुर नेपालकी सीमा के भीतर शायद पहिला ही गाँव था। नेपालका अभी तक सिर्फ मैने नाम और गुणगान तक सुन रखा था, अब साक्षात् उसकी शासित भूमि में पैर रख रहा था।

दिन जब खूब ठंड़ा हो गया, तो मैं लुम्बिनी पहुँचा। एक छोटी पोखरी के भिंडो पर बहुतसी कटीली झाडियाँ तथा बेल और दूसरे वृक्ष थे। एक छोटा सा मन्दिर था, जिसके आँगन मे बकरा, मुर्गा आदि बलिप्राणीयों के खूनका रंग लगा हुआ था। मन्दिर के भीतर की मूर्ति अस्पष्ट थी। मन्दिर के पिछवाडे कुछ पंक्तियों के लेख के साथ अशोकका शिलास्तम्भ था। जीव दया पर इतना जोर देनेवाले गौतम बुद्ध के जन्म-स्थान पर यह पशु-बलि रुधिर-रक्तप्रांगण सचमुच इससे दिल पर एक धक्का लगा। उहाँ कोई न था। कुछ देर बैठकर इस स्थान के अतीत पर सोचता रहा। उहाँ से उत्तर दूर दिखाई देने हिमालय के श्वेत श्रृंगो पर नजर पड्ते ही, वह मुझे "आओ" "आओ" कहकर बुलाते से जान पडे। ...."

थुकथं लुम्बिनी-मायादेवीया मूर्तियात भगवती, जगदम्बा, रुम्मिनिमाई सम्झे जुया पशु बलि विया च्वंगुयात विशेषतः अवलय् राणा सरकारया पाखें हे छात्रवृत्ति प्राप्त याना कलकत्ताय् आखः ब्वना च्वंम्ह यलया जगतमान वैद्य (धर्मआदित्य धर्माचार्य) या कुतलं अवलेया राणा प्रधानमन्त्री श्री ३ चन्द्र शम्सेर (शासनकाल, सन् १९०१-२९) पाखें ने.सं. १०४५ या फागुन महिना (मार्च, १९२५ ई) य् लुम्बिनी मायादेवीया प्रतिमा दुगु देगले गनं हिंसाबलि याये मज्यू धैगु घोषणा याका बिज्यागु वसपोल (धर्मआदित्य धर्माचार्य) यागु साधारणगु देन मखु।

तथागतया जन्मस्थान-थुगु थाय्या यात्राया क्रमय् भिक्षु महानाम 'कोविद' जुं थःगु न्हापांगु लुम्बिनी यात्रा (सन् १९३०) स साहू दशरत्न तुलाधरं श्रीलंकाय् बुद्ध-धर्म अध्ययन याकेत ब्वना यंकुबलय्) या प्रसंगय् धया बिज्यागु दु -

"उबले नौतनवां लुम्बिनी थ्यंकेत १० माइल न्यासि वय्माः। लँमभिं, साप ग्यानापु। मनु सिकं ततः मागु 'धद्दी' धयागु घाय्मा दु। लुम्बिनी

आ थें अथे भग्नावशेष छुं नं खनेमदु । न्ह्याथाय् स्व:सा कमा व घाय्मा जक । द्यो दर्शन यायेत हे घाय्मा चिइका दर्शन यायेमा: । थन सतिक मेगु छें छुं मदु । चिकिचा खागु धर्मशाला छगू दु । थनं जिपिं कुशीनगर वना ।"

लुमंके वह:जू, अवले (सन् १९३०) हे क्यालिफोर्नियाया मिरियम सैलेनेव धैम्ह छम्ह अमेरिकन मय्जु नं लुम्बिनी यात्रा या झागु ख: । वयक: स्वन्हु बीका तिनि नौतनवां लुम्बिनी थ्यंगु ख: । यात्रा न्हापां बैलगाडाय्, अनंलि किसिम्हे ज्वना तिनि जूगु ख: यात्रा थुजाम्ह किसिमाग लिसे जूगु ख: गुम्हेसिनं अंग्रेजी शब्द भभिउजबलत छगू हे जक स्यू १ यात्रा दु:खदायी अवले जुल गबले उम्ह अमेरिकन मय्जु किसिम्हनं कुतुं वल गुकिं बोहले घा जुल । वयकलं उल्लेख याना त:गु दु -

"जि जब लुम्बिनी थ्यन, लँय्या शंकत फुक्क लोमन । थ्व थाय् थुलि चित्ताकर्षक जू कि जि अन (अजागु थासय् छुं घण्टा जक मखु न्हिच्छि बिते याना ।"

व मय्जु लिपा साँचीया अवलोकन याना बम्वई वन । अनया सुप्रसिद्ध बौद्ध विद्वान डा.ए.एल. नायरयात नाप लाना, वयकलं दयेका च्वंगु बुद्ध विहारयात छुं गुहाली नं याना दिगु ख: । थ्व सन् १९३१ या खँ ख: ।

थुकथं लुम्बिनी अवले विशेष याना पुरातत्वज्ञ एवं भचा प्रतिष्ठित व्यक्तिपिं जक वने फइगु, वनीगु थाय् जुयाच्वन धा:सां ज्यू । राणाकालय् लुम्बिनी-बुद्धया जन्मस्थलप्रति सर्वसाधारणया पहुँच मध्यनिगु छुं आश्चर्यया खँ मखु । जनरल खड्ग शम्शेरया मृत्यु (सन् १९२२) लिपा वयकथें हे पुरातत्वय् दिलचस्पी दुम्ह मेम्ह राणा जनरल केशर शम्शेरं तिनिं सन् १९३३ निसें दिलचस्पी तया लुम्बिनी उत्खनन् ज्या यात । वयकलं सन् १९३९ तक्कया दुने लुम्बिनीया जंगल थ्यंका चा व ल्वहँतं तोपुइका च्वंगु अनेक महत्वपूर्ण भग्नावशेषयात प्रकाशय् हल । गौतम बुद्ध बुगु सिमा लिक्क (च्वय्) दयेका त:गु मायादेवी मंदिरयात जीर्णोद्धार याना थन याउँक दर्शन या: वने जीक दयेकल । बोधिसत्व सिद्धार्थकुमार यात जन्म बी न्ह्यो न्हापां महामायादेवीं मोल्हुगु शाक्य कुण्डयात त:धं याना दयेका मेलाया ईलय् जनतां छकोलं नापं मोल्हुइ जीकल । लुम्बिनी तीर्थाटन यायेत वइपिं यात्रीपिनिगू सुविधाया नितिं छुं धर्मशालात व पुलांगु तुं सफा याना आ: तकनं ल: त्वने ज्यूगु कथं दयेका बिल ।

थ्वहे अवधि (सन् १९३३-३९) या दुने नेपा:या नां जाम्ह साहू भाजुरत्न कंसाकार (वि.सं. १९४०-२०१३) जुं लुम्बिनी यात्रा याना अनया मायादेवीया मन्दिरय् लीपाताया इलां तया झागु दु, गुकिया वर्णन कविकेशरी चित्तधर 'हृदय' जुं थुकथं उल्लेख याना त:गु दु -

"जिमि सस:अबुजु भाजुरत्नया लुम्बिनी झा:बलय् लीपाताया इलां तयेगु इच्छा याना तयादीगु । मोहनीबलय् नेपा: वया: व्याक्क जहान ब्वनायंकेगु मतिइ तयाझा:गु, अकस्मात थ: कालिम्पोङ छकोनिं झायेमा:गुलिं नेपालय् इलां दयेके बिया: थ: कालिम्पोङ झाल । लिपा १९९३ साल माघ १२ गते खुनु त:खाछेंय् खालि जिमि ज्ञान याक:चा पा: तया: सस:केहेंपिं प्यम्ह, सस:बाज्या, सस:त:मां व सस:केहेपिनि मचात निम्ह, नापं ब्वना: नेपालं पिहाँ वना । कालिम्पोङं

झा:पिं सस:चमाजु व सस:बौ, सस:किजा, सस:केहेपिं सकलें गोरखपुरय् नापलाना: लुम्बिनी वना । अन प्यन्हु च्वना: लीपाताया इलां तयेगु ज्या सिधेयका १९३७।२।४ तारिख (२२ माघ १९९३ वि.सं.) खुनु फरेन्दा स्टेशन जुना वलरामपुर वना । ....”

भाजुरत्न साहूं मायादेवी देगलय् इलां जक तया दिगु मखु लुम्बिनी झाइपिं यात्रुतय् निर्तिं नयेगु जोडे यायेत मा:गु थलबल नं अनया छगू धर्मशालाय् दान याना थकूगु ख: । अबले तक्कं नेपालया राणा सरकारं अन वइपिं यात्रीतय्त स्वन्हु तक्कया लागी सिदाया बन्दोबस्त याना त:गु ख: । थ्व क्रम सन् १९५० या जनवरीया सुरुइ तक्क नं दुगु खं भिक्षु सुदर्शन महास्थविर (अबले १४ दँया गृहस्थ- रुद्रराज शाक्य) थुकथं उल्लेख याना त:गु दु -

“अबलय् राणाकालीन इलय् दयेका त:गु छतंचा जा:गु छखा छें तोता लुम्बिनी यात्रु तयेत छुं छुं मदु । अथे नं यात्रुत वल धयागु खबर सीवं हे अन छम्ह मनू ब्वाँ वइ । वं उगु छें या खापा चायेका बी । अले यात्रुपिंत तायके छग:, कसरिचा छग:, कराइ छग:, सिं भतिचा लिसें यात्रुत स्वया जाकि, आलु, प्याज, चि, हलू, मल्टा, लहर सितिं बी हइ । १९५० ई.जनवरीया न्हापांगु वालय् थ्व च्वसुया च्वमिं थ्वहे खनागु ख: । थन अबले सुं पाले नं मखं । सुं पुजारी नं मखं । सुं अधिकारी नं मखं । श्रद्धालुपि वइ । श्रद्धां स्वाँ छाइ । वनी । नरसिंत्वाक्कत ( न:गुलुत) अन सुं मदु ।”

नेपालय् २००७ सालया प्रजातन्त्र (७ फागुन-१८ फरवरी १९५१) लिपा धर्मोदय-सभां (स्थापना-३१ अक्टोबर १९४४/१५ कार्तिक २००१, मंगलवार) बुद्धया जन्मभूमि जुयाच्वंगु नेपालय् नं बुद्धया अग्रश्रावक सारिपुत्र व मौद्गल्यायन महास्थविरपिनि अस्थिधातु नेपाली जनताया लागी दर्शन याकेत नेपालय् यंकेगु सम्बन्धय् भिक्षु धर्मालोक, भिक्षु अनिरुद्र, भिक्षु अमृतानन्द, भिक्षु बुद्धघोष व साहु मणिहर्ष ज्योतिया छगू प्रतिनिधिमण्डल महावोधिसभाया प्रधानमन्त्री श्री देवप्रिय वलिसिन्हा (सन् १९०४-६८) थाय् वंगु ख: । प्रतिनिधिमण्डलया प्रमुखया रुपं भिक्षु अमृतानन्दं अस्थिधातु नेपालय् यंकेगु निवेदन तया विज्यात । उकियात देवप्रियजुं स्वागत यासें नेपालसरकार पाखे नं छपू पत्र वयेमा धया विज्यात । थुकिया निर्तिं ११ फागुन २००७ कुन्हु भिक्षु अमृतानन्द नारायणहिटी राजदरवारय् विज्याना श्री ५ त्रिभुवन वीर विक्रम शाहदेव (वि.सं. १९६३-२०११)नापलाना वसपोलयात बुद्धया अग्रश्रावकपिनि अस्थिधातु नेपालय् हया स्वागत यायेगु खँ न्हिथना विज्यात गुकियात श्री ५ त्रिभुवनं सहर्ष स्वीकार याना विज्यासे मा:गु गुहाली याना विगु आश्वासन नं विया विज्यात ।

थ्वहे सम्बन्धय् धर्मोदय सभा-कान्तिपुर शाखा (स्थापना-२१ वैशाख २००८) पाखें २० श्रावण २००८ कुन्हु अवलेया वाणिज्य व उद्योग मन्त्री श्री गणेशमान सिंहया सभापतित्वय् आनन्दकुटी विहारय् छगू सर्वसाधाण सभा च्वन । उक्त सभाय् अवलेया गृहमन्त्री विश्वेश्वर प्रसाद कोइरालायानं उपस्थिति दुगु ख:। उक्त सभाय् वाणिज्य व उद्योगमन्त्री गणेशमानसिंह अग्रश्रावक धातु नेपालय् हयेगु बारे क्याविनेट मण्डलय् न्हापाहे पास जूगु व अस्थिधातु याकनं नेपालय् हयेगु बारे यथोचित

प्रबन्ध यायेगु खँ न्हिथनादिल नापं उकुन्हु हे “अरहन्त सारिपुत्र-मौदगल्यायन पवित्र धातु स्वागत समिति” श्री ५ त्रिभुवनया अध्यक्षताय् गठन यायेगु निर्णय यागु जुल । गुकि उपाध्यक्षपि गृहमन्त्री विश्वेश्वर प्रसाद का्इराला व वाणिज्य व उद्योगमन्त्री गणेशमानसिंह, अले सचिव भिक्षु अमृतातन्त, उपसचिव कुलधर्मरत्न एम ए. व इन्जिनियर कुलरत्न, कोषाध्यक्ष-साहू भाजुरत्न कंसाकार, प्रचार सचिव दयावीरसिंह कंसाकार च्वनेगु निर्णय यागु जुल ।

४ भाद्र २००८ कुन्हु मन्त्रीमण्डलं (अन्तरिम सरकार-अवलय्) निर्णय जूगु अनुरुप उपर्युक्त पदाधिकारीपिं दुगु “अरहन्त सारिपुत्र-मौदुगल्यायन पवित्र धातु स्वागत समिति” पाखें भव्यरुपं २० कार्तिक २००८ कुन्हु उगु पवित्र अस्थिधातु भारतं नेपालय् विज्याकूगु जुल । श्री ५ महाराजधिराज त्रिभुवन वीर विक्रम शाहदेवं गौचरण हवाइ अड्डास धातु स्वागत याना कया बिज्यागु जुल ।

बुद्धया अग्रश्रावक सारिपुत्र-मौद्गल्यायन महास्थविरपिनि अस्थिधातु नेपालय् विज्याकूगु ई: (२० कार्तिक-७ मार्ग २००८) या दुने हे २४ कार्तिक २००८ कुन्हु धर्मोदय-सभाया फिम्ह पदाधिकारीगण- भदन्त आनन्द कौशाल्यायन, भिक्षु धर्मालोक, भिक्षु अनिरुद्र, भिक्षु प्रज्ञानन्द, भिक्षु अमृतानन्द, भिक्षु महानाम, दयावीरसिंह कंसाकार, पूर्णकाजी ताम्राकार, हर्षरत्न तुलाधर व मणिहर्षज्योति कंसाकार पिनिपाखे श्री ५ त्रिभुवनया हजुरय् लुम्बिनिइ वइपिं यात्रीतय् सुविधाया निर्तिं बांलागु लँ, ताँपू आदि दय्केगु, भिक्षुपिनि निम्ति विहार, दु:खी रोगीपिनि निम्ति अस्पताल, विद्यालय, धर्मशाला, हुलाक आदि चाय्केगु व थुकिया बांलागु व्यवस्थाया लागि बिन्तिपत्र त:गु ख: ।

उगु विन्तिपत्रया लिस: श्री ५ त्रिभुवनया निजी सचिव हरिमानसिंहं अस्थिधातु स्वागत समारोह नेपालय् जुया च्वंगु ईलय् (५ मार्ग २००८ कुन्हु) हे छ्वयाह:गु ख: उगु लिस: पौया सारांश थुकथं ख:-

“भगवान बुद्धया जन्मस्थान लुम्बिनी व उम्ह हे महापुरुषया नगर कपिलवस्तु भीगु हे मातृभूमि नेपाल्य हे ला:गु भीगु अहोभाग्य ख: धका: हुकुम जुल, थुपिं पवित्र स्थानतय्‌त बौद्ध तयेगु मेमेगु पुण्यभूमिया तुलनाय् हयेगु छिकपिनिगु उद्देश्ययात श्री ५ सरकारपाखें प्रशंसा यानाविज्यात । थुपिं निगूलिं पवित्र स्थान तथा छिकपिनिगु मेगु मांग पूर्ति यायेत नेपाल सरकारपाखें यथासक्य मद्दत जुई धका: नं हुकुम बक्स जुल ।”

धर्मोदय-सभाया “लुम्बिनी वन पुनरुद्धार” प्रस्ताव सफल यायेत धर्मोदय-सभाया उपसभापति भिक्षु धर्मालोक स्थविर (उपसम्पदा -सन् १९३४ या सुरु) कालिम्पोङ्या धर्मोदय विहारय् वि.सं. २००८ सालया वर्षावास पूवंका लुम्बिनी च्वंविज्यात । छुं हे व्यवस्था मदुनिगु लुम्बिनीस भिक्षु धर्मालोक स्थविर हेंग्वा कया अगुचाय् अथवा कोइला चुंया भुतुचाय् थ:म्हं हे जाथुया भपा:विज्याय् मा:गु स्थिति जूसां तभि वसपोलं अनया ज्या सफल मजुतले अनहे च्वनेगु प्रणिधि याना च्वना विज्यात । अबले तक्कया दुने सरकारयापाखें लुम्बिनी यात्रीपिन्त स्वन्हु तकयात सिराबीगु चलन दुगु यात नं बन्द याना तय् धुंगु जुल ।

◆

# Dharmaditya Dharmacharya


## A leader of Buddhist Revival Movement

✍ **H.L Singh**

Dharmaditya Dharmacharya (1902-1963) was probably the greatest name in the history of modern Buddhism in Nepal. It was he who brought in a revolution promoting consciousness among the Nepalese Buddhists. He was also instrumental in reviving Theravada Buddhism after an eclipse for over two millennium or so. The credit for the positive changes in the Buddhist society of the Kathmandu Valley goes to Dharmaditya Dharmacharya. His education in Calcutta discipleship under Anagarika Dharmapala of Sri Lanka and his own interest in Buddhism led Jagat Man Vaidya to change his name to Dharmaditya Dharmacharya.


Dharmaditya Dharmacharya

Born and brought up at Chikamvahi, Saptapura Mahavihar, in Patan, he did matriculation in Calcutta. His father Brishaman, a scholar in Sanskrit, had access to Prime Minister Juddha Shumshere in the capacity of a *Vaidya* and succeeded in sending Jagatman to Calcutta to study commerce under the government scholarship. Though he was admitted to commerce college, he began to study Buddhism visiting the library of the Mahabodhi Society. He found that Buddhism could not be learnt well without understanding Pali, the original language of Buddhism. The Buddhist literature which he studied at the Calcutta library and the Buddhist revivalist movement led by Sinhalese monk Anagarika Dharmapala had a deep influence in his mind. Dharmapala was staying in Calcutta in custody




*The scene of the first Buddhist Literary Confernce held at Shri Dharmarajika Vihar, Calcutta, in December 1928. Dharmaditya looking thin and with garland, was Convenor of the Confernce. Seated left to him Nobel Laureate Rabindranath Tagore.*
**Courtesy: Dharma Man Newa, son of late Dharmaditya Dharmacharya**

from 1914 to 1922 under order from the Indian and Ceylonese governments for his strong national views and Buddhist promotion activities. Dharmaditya visited the Dharmarajika Vihar constructed in Calcutta in 1919 whenever he could find time. He saw in Dharmapala a living incarnation of Theravada Buddhism. Whenever he saw Dharmapala his mind was disturbed as if he woke up suddenly. He listened to the sermons of Dharmapala..

Under the magnetic influence of Dharmaditya Dharmacharya a campaign for the Buddhist revival was launched in Nepal. During the Rana rule, the reform activities of any kind could not be launched in Nepal. So he worked for the Buddhist cause while in Calcutta along with the continuation of his study,. He wrote in several languages such as **Hindi, English and Newari**. He published *The Himalaya Buddhist* in Hindi and Bengali and one in English with the help of Dr. Benimadhab Barua of Calcutta as co-editor. He formed the

Indian Buddhist Association, Nepal Buddha Margi Sangha, Kalimpong Buddhist Association. He went to Sri Lanka and Burma for gathering support to his mission. He organised the All India Buddhist Conference in Calcutta, in December 1928. Rabindranath Tagore, the Nobel Laureate, participated in that conference. Dharmaditya Dharmacharya was the convenor and general secretary of the organising committee. His fame spread here and there in the Buddhist Asia. He was invited to accept the post of secretary of the committee to hold the International Buddhist Conference in Japan. Dharmaditya sought permission of the Rana government to go to Japan. But he was refused giving a warning not to go to Japan or face permanent expulsion. He sent Dr. Benimadhab Barua to do the job.

In 1926 monks were expelled from Nepal for open public alms begging by wearing saffron robes. Then, the monks arrived in Calcutta. Dharmaditya Dharmacharya published the photos of expelled monks and Tibetan Lama Tsering Norbu to publicize the injustice and cruelty done to Nepalese monks by the Rana rulers. The strong appeal of Dharmaditya Dharmacharya led the Mahabodhi Society to declare protection of the exiled monks by granting shelter.

The interest in Newari and Buddhist revival activities cost him his scholarship. He was called back by the Rana government. He was consigned to the obscurity of Rana administration by appointing him a Kharidar (scribe) of lower rank in government service at the Udhyog Parishad (Industrial Council) in 1936. Dharmaditya married and had sons and daughters. The job at Udhyog Parishad kept him busy. Even then, his spirit and sacrifice for the Buddhist revival did not dampen. He worked hard for the cause he stood for. After his return from Calcutta in 1923, he formed a trust called Nepal Buddhist Promotion Association in Lalitpur and the Buddhist Relief Association in Kathmandu in 1924 with Khadga Raj, Triratna Man, Buddha Ratna, Kuldip and Chittadhar Hridaya as members. In the *Buddha Dharma*, the magazine which he edited, he wrote: *"It is a sad thing that in Lumbini where Lord Buddha was born where there*

*still thousands of Buddhamargis (followers of the Buddha), Buddha Jayanti is not observed. It is therefore necessary that a worship procession is held on the auspicious occasion of Vaisakha Purnima. Let us start the worship of Lord Buddha at the main Buddhist sites like Manjupattang Ashokapatan and Lumbini, Thel observation of the same in Lumbini is indispensable as it is the most important place where Prince Buddha born."(Siddhartha)*

He taught Pali at Tribhuvan University for sometime. He also worked as publicity secretary of the Mahabuddha Renovation Committee formed to restore the Mahabouddha Mandir destroyed by the Great Earthquake in 1934. As sincere devotee of the Buddhist cause, he had great attachment to the Buddhist shrines. It is to note that during his days the Buddhists of the Kathmandu Valley and the people of other parts of Nepal were not all aware of the importance of Lumbini.

Dharmaditya initiated the tradition of observing the Buddha Jayanti in Kathmandu. The Buddha Jayanti was first observed in Kathmandu at the prayer room of Tuladhar merchant Dharmaman Shahu under the leadership of Dharmaditya Dharmacharya. Among other works he did were the renovation of the Kindol Vihara and the establishment of *Nepal Bhasha Sahitya Mandal* with Lokman Singh,

*After reading the magazine Buddha Dharma and Nepal Bhasa, Levi wrote to Dharmacharya:*

**"I am a scholar devoted to Buddhist researches and a lover of Nepal. During my last visit to Nepal four years back I tried to learn a little of Newari with the help of Pandit Siddhiharsha but I am eager to know more of it, and therefore I enjoyed reading your magazine.**

**I hope that you give in every part a Sanskrit text with a Newari translation; you are sure to acquire in that way a twofold punya (virtue), first by helping Newar Buddhists, who have become so ignorant, to recover a knowledge of their beautiful Sanskrit books, so wonderfully reserved in Nepal; next by helping western scholars in acquiring some knowledge of Newari language."**

Pushpa Lal Pradhan, Bhairab Bahadur Pradhan as members. Dharmaditya imported the colour pictures of the life of the Buddha and distributed them. Among other things he also took an active part in a movement calling for the handover of the administration of Bodhgaya from the Brahmin priests to Buddhist monks.

But Dharmaditya's life had a tragic end. He could not continue his mission of reviving Buddhism as he desired. He married and had several sons and daughters. In order to support his sons and daughters he had to work overtime doing the job of correspondence in business houses. He could not take part in reform activities. The decline of Dharmaditya's popularity was noticed by many of his admirers. His unorthodox views and reform activities which angered the Rana rulers were mainly responsible for his imprisonment and morale breakdown. Scholars are of the view that Dharmaditya's creativity was killed by the Rana government. Kesar Lall wrote: "Upon his return to Nepal, his talent and learning were wasted and his great enthusiasm withered in a hostile environment". Kamal P. Malla dedicated his book *Classical Newari Literature* to the memory of Dharmaditya Dharmacharya and said that Dharmaditya was a Buddhist scholar and reformer who, "like a candle, burning at both ends, illuminated too intensely, though too briefly, only to be extinguished for good by the adversities of a life of obscurity to which he was consigned by the despotic Ranas."

There was a massive change in the life to Dharmaditya before" returning home from Calcutta and after returning home. "His scholarship: and zeal won him many friends in the West, Japan and India including Sylvain Levi, S.K Chatterjee, Hara Prasad Shastri and Takakusu."

**References**


1. Lall, Kesar, 1986. A brief biography of Amritananda Kathmandu: Anandakuti Vihar.
2. Malla, Kamal P. 1982. Classics Newari Literature. Kathmandu Educational Enterprise:
3. Ibid.


◆

# नेपालको संबिधानमा महामानव बुद्धको स्थान

✍ तिलकमान गुभाजु

देशमा ऐतिहासिक जनआन्दोलन पश्चात् केही सकारात्मक परिवर्तन देखिन थालेका छन् । हिन्दू अधिराज्यको अन्त भएको छ । हिन्दू धर्मको आडमा अडेको सामन्ती संस्कारको प्रतीक राजतन्त्रको पनि अन्त भएको छ । गणतन्त्रको उदय भएको छ । गणतन्त्रको उदयका साथ राष्ट्र, राष्ट्रियता र नेपालको वास्तविक विशेषता एवम् मौलिकताहरू फेदैदेखि खोज्न र सोच्न थालिएको देखिएको छ । सरकारले एउटा वास्तविकताको पहिचान गरेर नेपाल राष्ट्रको नामबाट राखिएको नेपाल संवत्लाई राष्ट्रिय संवत् घोषणा गरेको छ । यस अघि नेपाल संवत्का प्रणेता शंखधर साख्वालाई नेपालका राष्ट्रिय विभूति घोषणा गरिएको थियो । सरकारले नेपाल संवतका सम्वन्धमा लिएको निर्णय राष्ट्र र राष्ट्रियताका सम्बन्धमा चालिएको एक राम्रो शुरुआत् मान्नुपर्दछ । आफ्नो राष्ट्रिय विभूतिद्वारा प्रतिपादित कुराहरू हाम्रा आफ्नै मौलिक विशेषता हुन् र तिनीहरूको उच्च मूल्याङ्कन गर्नुपर्दछ ।

नयाँ नेपाल बनाउन अग्रसर भएको बेलामा हामीले हरेक कुराको- धर्म, संस्कार, संस्कृति लगायत सबैकुराको पूनर्मूल्याङ्कन गर्नुपर्दछ । हाम्रा के हुन । अर्काका के हुन, तिनीहरूलाई निष्पक्ष किसिमले, हाँसले दूध र पानी छुट्याए झै छुट्याउनु पर्दछ र त्यसरी छुट्याउने क्रममा हामी निहीत स्वार्थमा अल्झिनु र बल्झिनु हुँदैन । राष्ट्र, राष्ट्रियतालाई एकमात्र मापदण्ड मानेर मूल्याङ्कन गर्नुपर्दछ ।

यस्तो कुरामा पहिलेदेखि, परम्परादेखि, मान्दै आएको भनेर पूर्वाग्रह राख्नु पनि हुदैन । पहिले पनि कति पहिलेदेखिको हो र परम्परा पनि कहिलेदेखिको परम्परा हो, त्यो पनि हेर्नु पर्दछ । इतिहासको क्रममा हामीलाई दवाइएको बेलामा तथा हामी पराजित र परावलम्बी भएको बेलामा हामी माथि बलात् लादिएको जुन धर्म, संस्कार र संस्कृति आदि छन्, तिनीहरू अहिले हेर्दा हाम्रा जस्ता देखिएका छन्, तर तिनीहरू मौलिकरुपले हाम्रा हुन कि होइन, त्यसलाई छुट्याउन सक्नु पर्दछ । हाम्रा होइनन् भने तिनीहरूलाई परित्याग गर्न सक्नुपर्दछ । त्यो खुबी र साहस हामीमा उमार्न सक्नुपर्दछ । हामी जसलाई आफ्नो राष्ट्रिय घर भन्छौ, त्यसमा प्रयोग हुने ढुङ्गा बालुवा, माटो, कलाकौशल, डिजाईन आदि सबै कुरा हाम्रो आफ्नै मौलिक हुनुपर्दछ । विदेशबाट आयातीत कुराबाट निर्मित, सिंगरिएको र सुशोभित पारिएको घर जतिसुकै राम्रो भएपनि यथार्थमा त्यो हाम्रो हुन सक्दैन र त्यसलाई राष्ट्रियताको जामा पहिऱ्याएर हाम्रो राष्ट्रिय घर भन्नु हुदैन ।

यस्ता परिवर्तनको क्रममा ठूल्ठूला निर्णय लिन पनि सक्नुपर्दछ । कतिपय देश र समाजले

त्यसो गरेका पनि छन् । हाम्रै छिमेकी चीनले पेकिङलाई बेजिङ भनेको छ भने अर्को छिमेकी भारतले बम्बइलाई मुम्बई र कलकत्तालाई कोलकाता भनेको छ । तमू जातिले गुरुङ्ग भन्न छाडेको पनि यही परिवर्तनको एक परिचायकको रुपमा लिन सकिन्छ । यी सबैको उल्लेख गर्नुको तात्पर्य हो हामी सबैले यस बेला आफ्नो मौलिकताहरू खोज्नुपर्दछ र बिशेषताहरूको पहिचान गर्नुपर्दछ । त्यसरी मौलिकता र विशेषताहरू खोज्नु यो राम्रो अवसर हो ।

जहाँसम्म बुद्ध धर्मको कुरा छ, विदेशमा बुद्धधर्मको प्रचार अरु बढिरहेका छन । कतिपय देशहरूले आफूलाई बौद्ध देश घोषणा गरेर गौरवान्वित भएका छन । केही देश र समुदायले बौद्ध जीवन पद्धति अपनाएर आफूले प्रगति र विकास गरेको सगर्व उल्लेख गरेका छन् । प्राचीन बौद्ध स्मारक र सम्पदाहरू देखाएर थुप्रै पर्यटकहरू भित्र्याएर आर्थिक उन्नति गर्ने देशहरू पनि छन् । दक्षिण-पूर्वी एशियाका धेरै देशहरूले यसबाट फाइदा उठाएका छन् । यस किसिमले हेर्दै गएमा बुद्ध धर्म एशियाबाट युरोप र युरोप हुदै सात समुन्द्र पारिको देश अमेरिका पुगेको छ ।

महामानव बुद्धले जस्तै विश्व शान्तिको उद्देश्य लिएर स्थापित संयुक्त राष्ट्र संघले पनि महामानव बुद्धका सम्बन्धमा चासो राख्ने गरेको छ । त्यस विश्व संस्थाले बुद्ध जन्मेको पवित्र लुम्बिनी क्षेत्रको विकासमा आफूलाई संलग्न गरेको छ ।

त्यसले जापानका वरिष्ठ वास्तुकलाविद् प्रो.केन्जो टाँगेलाई लुम्बिनी क्षेत्रको गुरु योजना बनाउन लगाई लुम्बिनीको विकासमा सघाउ पुऱ्याइ रहेको छ । सो सम्बन्धी चर्चा गर्दा यो पनि उल्लेखनीय हुन्छ कि राष्ट्र संघमा नेपालको अध्यक्षतामा १५ सदस्यीय लुम्बिनी विकास सहयोग समिति गठन गरिएको छ । जनु समितिमा नेपाल, भारत, पाकिस्तान, अफगानिस्तान, श्रीलंका, म्यानमार, इण्डोनेशिया, सिंगापुर, थाइलैण्ड, कम्बोडिया, मलेशिया, लाओस, जापान, दक्षिण कोरिया र भुटान रहेका छन । संयुक्त राष्ट्र संघका महासचिव ृथान्तले सन् १९६७ मा लुम्बिनीको दर्शन अवलोकन गर्न आउनु भएदेखि त्यस विश्व संस्था लुम्बिनीको विकासमा आवद्ध भएको हो । चार दशकभन्द लामो समयदेखि त्यसले यस क्षेत्रको विकाशमा योगदान पुऱ्याइरहेको छ ।

संयुक्त राष्ट्र संघका वर्तमान महासचिव वान कि मूनले वृहत्तर लुम्बिनीको अवधारणा ल्याई त्यसको गुरुयोजनाको खाका तयार गर्न लगाउनु भएको विशेष उल्लेखनीय छ ।

बुद्ध धर्म र त्यस विश्व संस्थाको बारेमा चर्चा गर्दा अर्को कुरा के पनि उल्लेखनीय हुन्छ भने त्यस संस्थाको साधारणसभाले सिद्धार्थ गौतमको जन्म, उनले बुद्धत्व प्राप्त गरेको तथा उनको महापरिनिर्वाण भएको बैशाख पुर्णिमाको दिन पर्व मनाउन आफ्ना कर्मचारीहरूलाई बिदाको प्रवन्ध समेत गरिदिएको छ । साधारणसभाको त्यो निर्णय भगवान बुद्धप्रतिको असीम श्रद्धा र सम्मानको प्रतीक हो ।

संयुक्त राष्ट्रसंघले मात्र त्यसो गरेको होइन, अन्य विश्व संस्था र राष्ट्रहरूले पनि भगवान बुद्धप्रति आ-आफ्नो किसिमले आदर र सम्मान व्यक्त गर्ने गरेका छन । नेदरल्याण्डको राजधानी हेगमा अवस्थित अन्तर्राष्ट्रिय अदालत

परिसरमा भगवान बुद्धको मूर्ति स्थापना गरिएको छ । त्यस्तै फ्रान्सको राजधानी पेरिस स्थित युनेस्कोको मुख्यालयमा पाँच फूट अग्लो बुद्धको प्रतिमा स्थापना गरिएको छ । नेपालमा जन्मेका एक नेपाली, नेपालका सपूत एवम राष्ट्रिय विभूतिको त्यस्तो महत्त्वपूर्ण विश्व संस्थाहरूद्वारा त्यसरी सम्मानित हुनु प्रत्येक नेपाल र नेपालीको शिर उच्च हुनु हो ।

यहाँ यो उल्लेख गर्नुपनि प्रासांगिक हुन्छ कि धर्म निरपेक्ष भारतले आफ्नो राष्ट्रिय झण्डामा बौद्ध प्रतीक धर्मचक्र राखेको छ भने त्यसले आफ्नो मुद्रामा तीन टाउको भएको सिंह र लोक सभामा अभिभाषणका लागि राष्ट्राध्यक्ष आएर बस्ने आसनको माथिल्लो भागमा धर्मचक्र प्रवर्तनाय भन्ने आदर्श वाक्य अंकित गरेको छ ।

उता कम्युनिष्ट देश चीनले नेपालबाट भगवान बुद्धको अस्थिधातु र लुम्बिनीको अखण्डदीप लगेर आफ्नो धार्मिक कार्यमा र अन्तर्राष्ट्रिय प्रदर्शनीमा प्रदर्शन गरी भगवान बुद्धप्रति आफ्नो भावनात्मक सम्बन्ध र सम्मान व्यक्त गरेको स्मरणीय छ । त्यसरी हाम्रा छिमेकी देशहरू, अन्य देशहरू र विश्व संस्थाहरूले समेत भगवान बुद्ध र बुद्धका प्रतिकहरूप्रति त्यसरी विषेश किसिमले श्रद्धा र सम्मान व्यक्त गरेका छन् भने के बुद्धको देश नेपालले तिनीहरूले भन्दा कम से कम एक कदम अघि बढेर सोच्नु पर्दैन ? यो एक गम्भीर प्रश्न हो र प्रत्येक नेपालीले राष्ट्र र राष्ट्रियतालाई साक्षी राखेर तथा मुटुमा हात राखेर यसको जवाफ दिनु आवश्यक छ । हामीले त्यसरी भगवान बुद्ध र बुद्ध धर्मका प्रतीक चिन्हहरू, आफ्नो अमूल्य निधि-सम्पदा र धरोहरहरूलाई संविधानमा उल्लेख गरी सूचीकृत गर्‍यौ भने तिनीहरूले हाम्रो राष्ट्र र राष्ट्रियता सुदृढ पार्न सघाउ पुऱ्याउन सक्छन ।

यस किसिमले हेर्दै गएमा महत्त्वपूर्ण कुरा के प्रष्ट हुन्छ भने विश्वमा बुद्ध धर्मको प्रचार-प्रसार जति बढ्दैजान्छ, उति नेपाल र नेपालीको मान, सम्मान र प्रतिष्ठा पनि बढ्दै जान्छ । यो पनि अब छर्लङ्ग भएको छ कि आफ्नो राष्ट्रिय विभूतिद्वारा प्रतिपादित धर्म-दर्शन नेपाल र नेपालीको आफ्नै धर्म-दर्शन हो, साझा हो र मौलिक हो । यसलाई आत्मसात गरेर अघि बढ्नु समयको माँग हो ।

नेपाल र नेपालीको मान र शान बढाउने यस्ता मौलिक कुरालाई नयाँ नेपाल बनाउने बेलामा गहन एवम् गम्भीर किसिमले चिन्तन मनन गरी निर्णय गर्नुपर्दछ । यस्तो कुरालाई नयाँ नेपालको संविधानमा कुनै न कुनै किसिमले स्थान दिनुपर्दछ । विश्वले नेपाललाई बुद्ध जन्मेको देश भनिरहेका छन बुद्धको देश भनेका छन् र बौद्ध देश भन्ने गरेका छन । बुद्ध जन्मेको देश, बुद्धको देश र बौद्ध देश भन्नुमा तात्विक अन्तर छैन । यसलाई संस्थागत गर्नु र औपचारिकता प्रदान गर्नु आजको आवश्यकता हो । यथार्थमा नेपाल र नेपालीलाई विश्वमा चिनाउने महत्त्वपूर्ण कुराहरू मध्ये एउटा विश्वको सर्वोच्च शिखर सगरमाथा हो भने अर्को महामानव बुद्ध र बौद्ध दर्शन नै हुन ।

सगरमाथा एवम् महामानव बुद्ध र बौद्ध दर्शन हाम्रा अमूल्य निधि हुन । आफ्ना अमूल्य निधी, सम्पदा र धरोहरलाई संविधानमा सूचीकृत गरियो भने अरूले तिनीहरूका सम्बन्धमा अनावश्यक भ्रम फैलाउने र विवाद खडा गर्ने अवसर पाउँदैनन् । कसैले त्यस्तो विवाद खडा

गरेमा तिनीहरूलाई हाम्रो संविधान देखाएर त्यसको जवाफ दिन सकिनेछ ।

विश्वको सर्वोच्च शिखर सगरमाथा र शान्ति नायक महामानव बुद्धसँग नेपाल र नेपालीको आत्मीयता जोडिएको छ , भावनात्मकता गाँसिएको छ र राष्ट्रियता टाँसिएको छ । यो तथ्यलाई मनन गरी नयाँ नेपालको संविधानको प्रस्तावनामा नेपालको परिभाषा गर्ने क्रममा **"विश्वको सर्वोच्च शिखर सगरमाथा र शान्ति नायक महामानव बुद्धको जन्मस्थल नेपाल"** भनेर उल्लेख गरिएमा त्यसले राम्रो सन्देश प्रवाहित गर्ने छ र त्यसले विश्वमा राम्रो प्रभाव र परिणाम दिनेछ । त्यसो गरिएमा नयाँ नेपालको शान्तिप्रतिको चाहना प्रतिविम्वित हुनेछ, शान्तिप्रिय देशको रुपमा नेपालको चिनारी हुनेछ र नेपाल शान्तिको स्रोत हुनेछ ।

त्यसका अतिरिक्त, महामानव बुद्धद्वारा प्रतिपादित शान्ति, सहिष्णुता र समततामूलक दर्शन, अहिंसाको सिद्धान्त र शिक्षालाई अपनाउने र तिनीहरूका प्रतीक चिन्ह संविधानमा अंकित गरिएमा त्यसले अर्कै महत्त्व र प्रतिफल दिने छन् । त्यसकारण यी कुराहरूका सम्बन्धमा राष्ट्रवादी, शान्तिकामी एवम् मानवतावादी लगायत सबैले सोच्नु आवश्यक छ । खास गरेर संविधानसभाका सदस्यहरू राजनेताहरू लगायत सम्बन्धित सबैले सहृदयतापूर्वक चिन्तन मनन गरी तिनीहरूका प्रतीक चिन्ह कहीं न कहीं र कतै न कतै उल्लेख गरिएमा राष्ट्र र राष्ट्रियताको जगेर्ना गर्ने काममा ठूलो सघाउ पुग्न जाने भएकाले त्यसको लागि यसै द्वारा विशेष आह्वान गरिएको छ ।

◆






# जिम्मेवारी र कर्तव्यबोध गराउने
## 'गृही–विनय' पुस्तक पढ्दा

✍ विष्णुगोपाल कुसी

शान्ति नायक, दार्शनिक, विचारक, सुधारक, मानव कल्याणका लागि जीवन समर्पित गौतम बुद्धले मानिसलाई चरित्रवान्, नैतिकवान् बनाउन र सुखका निम्ति अनेक मार्ग निर्देश गरेका थिए। मानिसलाई खराब लतबाट जोगाउन, गृहस्थीलाई कर्तव्यबोध गराउन, प्रत्येक नागरिक कर्तव्यनिष्ठ, जिम्मेवारीबोध र अनुशासित बनाउने ध्येयले देशना (उपदेश) तत्कालीन समाजको लागि मात्र होइन अहिलेको समाजको लागि पनि त्यत्तिकै उपयुक्त र सान्दर्भिक छ। त्यही उपदेशलाई आधार मानेर श्रद्धेय आचार्य भिक्षु अमृतानद महास्थविरले रचेको यो 'गृही-विनय' पुस्तक आनन्दकुटी विहार गुठी काठमाडौंले प्रकाशित गरेको हो।



गौतम बुद्धले सिगालपुत्रलाई उपदेश दिइ रहनु भएको

पद र पैसाको स्वार्थमा भुलेर पदको दायित्व पूरा नगर्ने, पद पाएपछि देश र जनता भुल्ने, नेपाल र नेपाली जनताको छातीमा लात मार्ने, सङ्कीर्ण, स्वार्थी तत्त्वहरूको यो पुँजीवादी समाजका शासक र मन्त्रीहरूलाई नैतिकमा रहेर राजनीति गर्न यो 'गृही विनय' पुस्तकले धेरै सन्देश बाँडेको छ। आज देशका शासक र स्वार्थीहरूले देशको सम्पत्ति या राजस्वमा आँखा गाडेर अनेक बहानामा देशको सम्पत्तिमा रजाइँ गरिरहेका छन्। देशको आय बढाएर जनताको सेवा गर्ने र विकास गर्नेतर्फ वास्ता नगरी आफ्नो कर्तव्य भुल्ने व्यक्तिलाई यो पुस्तकमा खबरदारी गरिएको छ। जनतालाई राहत दिने, इमानदारीपूर्वक कर्तव्य पालना गर्ने गृहस्थीहरूमा मात्र होइन हरेक नागरिकमा श्रद्धा हुनुपर्छ, सेवा

गर्ने भावना हुनुपर्छ भन्ने यस पुस्तकको ध्येय रहेको छ । गृहस्थीको मात्र होइन सबै मानवको कल्याण गर्न सन्देश बाँड्ने यो पुस्तक उपदेशहरूको सङ्ग्रह हो भन्दा फरक पर्दैन । मानवतावादी र शान्तिको उपदेश छर्ने बुद्धका उपदेशलाई त्रिपिटकमा सिगालोवाद सूत्रको नामले उल्लेख गरिएको छ ।

सिगाल एक व्यक्तिको नाम हो । ओवाद भनेको अर्ती उपदेश हो । सिगाल भने व्यक्तिलाई दिएको यो उपदेशहरूको सङ्ग्रह भएकोले 'सूत्र' भनिएको हो । बुद्धले गृहपति पुत्र सिगाललाई क्लेशयुक्त काम, पाप लाग्ने अकुशल र सम्पत्ति विनास या ध्वंस हुने काम नगर्न उपदेश दिए । आज देश बनाउन जनतालाई कुशल र सुखी बनाउन होइन देशको सम्पत्तिमा रजाइँ गर्न, देशघाती काम गर्न हाम्रा शासकहरू सक्रिय छन् । त्यही कारण शासकहरूप्रति जनताको विश्वास गुम्दै गएको हो । पुस्तकमा कर्म क्लेशअन्तर्गत र प्राणीघात नगर्न, परवस्तु नचोर्न, परस्त्री गमन नगर्न र झूटो नबोल्न आग्रह गरिएको छ । स्नेह द्वेष, मोह र भयको वशमा परेर गरिने कामलाई यहाँ पाप भनिएको छ । अल्छी भएर बस्नु, सङ्गतसँग लाग्नु, जुवा, तास र त्रिपासा खेल्नु, रक्सीजस्ता मादकपदार्थ सेवन गर्नु, कुबेलामा घुम्नु आदिलाई सम्पत्ति नास हुने कारण देखाइएको छ । अर्काको वस्तु लिने तर आफ्नो दिन नजाने, बचनले मित्र भाव देखाई काम केही नगर्ने, मुखको अगिल्तिर प्रशंसा गरी पछिल्तिर निन्दा गर्ने र नचाहिने काममा सल्लाह दिनेलाई अमित्रको रूपमा चित्रण गरिएको छ । अरुलाई उपकार गर्ने, सुख दुःखमा साथ दिने, देशको अभिवृद्धि यश कीर्तिको काममा प्रोत्साहन दिने अनुकम्पा अर्थात् दया, करुणा राख्ने व्यक्तिलाई सत्मित्र भनिएको छ । कुनै आवश्यक काम कुरा गर्ने बखतमा अर्ती दिने, आफ्नो साथीलाई आपत्विपत् पर्दा साथ दिने, असल कामको अनुशरण गर्ने मित्रलाई सत्मित्र भनिएको छ ।

घर व्यवहारमा सकेसम्म झगडा नहोस्, झगडा भए पनि नचर्कियोस् भनेर चेलीबेटीलाई चूलसुभद्राको कथामार्फत सुझाइएका व्यवहारिक प्रसङ्ग पनि पुस्तकमा चर्चा गरिएको छ । घरमा भएका झैझगडा र बाहिरका खराब कुरा घरमा भित्र्याउँदा पारिवारिक कलह चर्केर अशान्ति फैलिने भएकोले पुस्तकमा घरको आगो बाहिर दिनु हुन्न र बाहिरको आगो घरभित्र हुल्न दिनु हुन्न भनिएको छ । कुनै वस्तु पैँचो दिएर फर्काइ दिनेलाई फेरि पैँचो दिन हुने र पैँचो लिएर नदिनेलाई फेरि पैँचो दिन योग्य नहुने व्यवहारिक शिक्षा पुस्तकमा उल्लेख छ । घर परिवारमा सधैँ मिलेर बस्न आफूभन्दा ठूलालाई आदर सत्कार गर्ने, वृद्ध वृद्धाहरूलाई स्याहारसुसार गर्ने, शिष्ट, नम्र व्यवहार गर्ने उपदेश त्यो बेलाको लागि मात्र होइन अहिले पनि त्यतिकै व्यवहारिक र सान्दर्भिक छ । राम्ररी बस्ने, राम्ररी खाने र राम्ररी सुत्ने हाम्रो दिन चर्या नै हो । आज त्यही शिक्षा व्यवहारमा लागु नहुँदा अहिले कति वृद्धवृद्धाहरू भोक, चिन्ताले विरक्त जीवन बिताउन बाध्य छन् । स्याहारसुसार र आदर सत्कारको अभावमा दुःखको आँसु पिएर कति वृद्धवृद्धाहरू छटपटिरहेका छन् । समय अनुकूल नभएर, कामको व्यस्तता भएर, भाव नै नभएर, भावना भएर पनि नभ्याएर हेर्न नसक्दा र

पालनपोषणमा ध्यान नदिँदा कति वृद्धवृद्धाहरू घर छोडेर बेपत्ता भएका छन् । कति आत्महत्या गर्न विवस छन् । कति खानपान नमिलेर भोक र प्यासले घरमै जीवन छोड्न बाध्य छन् । पवित्र मन भएका, अर्काको दुःख पीडा बुझेका, आफू पनि कुनै दिन वृद्धवृद्धा हुन्छ, त्यसबेला आफ्नो पनि सन्तानबाट माया, स्नेह र सहयोग पाउनुपर्छ भनी बुझेका सन्तानले वृद्धवृद्धाहरूलाई बेवारिसे छोड्दैन हेरविचार र पालनपोषण गर्न छोड्दैन । यस्ता सन्तानहरू पनि समाजमा बग्रेल्ती छन । भएसम्म ऐश आराम गर्ने ऐय्यासी जीवन बिताउने मानिसहरूप्रति लक्षित गर्दै पुस्तकमा भनिएको छ, आफ्नो सम्पत्ति खाएर मात्र सकाउनु हुँदैन । आफ्नो कामकाज व्यापार व्यवसायमा पनि लगाउनुपर्छ, आपत्‌विपत्‌को निम्ति सञ्चय गर्नुपर्छ । केही अंश सामाजिक सेवामा पनि खर्चिनुपर्छ । आफूमात्र खाने, आफूमात्र लाउने र समाजको मतलब नराख्ने स्वार्थीहरूको निम्ति यो मार्ग निर्देश हो ।

बौद्धमार्गीहरू या बौद्ध समुदायका मानिसहरू आ-आफ्नो घरमा ध्यान बस्छन् । छ दिशाका मानिसहरूलाई कुनै रोग, व्यथा नलागोस् भनी सुस्वास्थ्य, कुशल मङ्गल र दीर्घायुको कामना गर्छन् । छोराछोरीलाई पहिलो या पूर्व उपकार गर्ने व्यक्ति भएकाले मातापितालाई पूर्व दिशा (अगिल्तिर) भनिएको छ । जनसमुदायलाई मार्ग निर्देश गरेर दीक्षित गर्ने र पूजा या सम्मान गर्न योग्य व्यक्ति या श्रद्धापूर्वक दान दिन योग्य व्यक्ति या गुरुजनलाई दक्षिण दिशा ( दाहिनेतर्फ)भनिएको छ । आमाबाबुको अर्ती सुन्ने, उनीहरूले दिएको उपदेशको पालना गर्ने, स्त्री, पुत्र पुत्रीलाई पच्छिम दिशा (पछिल्तिर) भनिएको छ । आपत्‌विपत्‌मा, दुःख कष्ट परेको बेला साथ र सहयोग गर्ने हितचिन्तक मित्रहरूलाई उत्तर दिशा (देब्रेतर्फ) भनिएकोछ । अधोदिशा ( तलतिर) आज्ञा पालन गरी सहयोग गर्ने नोकरचाकरलाई भनिएको छ । मान, आदर र सत्कार गर्न योग्य भएका हुनाले श्रमण, ब्राह्मण र भिक्षुहरूलाई आचार्यहरूको धर्म विनयमा उर्द्धदिशा (माथितिर) भनिएको छ ।

छोराछोरीले आमाबाबुप्रति गर्नुपर्ने कर्तव्यबारे पुस्तकमा चर्चा गरिएको छ । सन्तानलाई भरणपोषण, सेवा टहल गरी हुर्काउने, शिक्षा दिने आमाबाबुलाई सन्तानले वृद्धवृद्धस्थामा कुनै प्रकारको दुःख मनमा नहोस् भनी गर्नुपर्ने सम्पूर्ण सेवा गर्नुपर्छ । सन्तानले आमाबाबुसँग सम्पत्ति मात्र खोज्ने होइन कुलवंशको इज्जत थाम्न आफ्नो कर्तव्य पनि निर्वाह गर्नुपर्छ । हामीले आमाबाबुको गुण बिर्सनु हुँदैन । आमाबाबुले पनि आफ्ना सन्तानलाई कुलतबाट जोगाउन या असल कार्य लगाउने कार्य गर्नुपर्छ, यसको लागि उत्प्रेरणा दिनुपर्छ । आफ्ना सन्तानलाई शास्त्रविद्या, शिल्पविद्या नीतिविद्या आदि आमाबाबुले नै प्रदान गर्छन् । सन्तानलाई चरित्रवान्, नैतिकवान् र अनुशासित बनाउनुपर्छ ।

त्यस्तै आचार्यप्रति शिष्यको कर्तव्य, शिष्यप्रति आचार्यको कर्तव्य, स्त्रीप्रति पुरुषको कर्तव्य, पुरुषप्रति स्त्रीको कर्तव्य आदि सबैले पालना गर्नुपर्छ । आचार्यले शिष्यलाई छुद्र व्यवहार गरे, हेलाहोचो गरे शिष्यको पनि आचार्यप्रति मान हुँदैन । शिष्य भनेर आचार्यको दास हुनु हुँदैन । आचार्य हुँदैमा आफ्नो भएभरको काम शिष्यलाई

गराउनु कतिको जायज हो ? हामीले चिन्तनमनन गर्नुपर्छ । आचार्यले शिष्यलाई सद्‌बुद्धि दिएपछि, सुमार्गमा जाने अर्ती दिएपछि आफूले गर्नसक्ने काम गरेर आचार्यको गुण तिनुपर्छ । पतिले स्त्रीलाई र स्त्रीले पतिलाई सम्मानपूर्वक व्यवहार गर्नुपर्छ । कसैले कसैलाई अपमान गर्नुहुन्न । पति र पत्नीको सल्लाहमा घर व्यवहारको खर्च गर्नुपर्छ ।

कुलपुत्रहरूले मित्रको चित्त दुख्ने गरी छाडा बोल्नु हुन्न । नराम्रो बानी छोड्न लगाई राम्रो बाटोमा हिँडाउने प्रयास गर्नुपर्छ । सत्य वचन बोल्नुपर्छ ढाँटी, छली कुरा गर्नु मनासिब होइन । आपत्‌विपत्‌मा साथ दिनुपर्छ । ठूलो मान्छेको काम केटाकेटीलाई गराउनु हुँदैन, केटाकेटीको काम ठूलो मान्छेलाई गराउनु हुँदैन । नोकरचाकरलाई कामअनुसारको पारिश्रमिक दिनुपर्छ । नोकरचाकर बिरामी हुँदा औषधि उपचार गराउनुपर्छ; सधैँ काममा मात्र जोताउनु हुँदैन । बेलाबखत ज्ञान दिने, बिदा र मनोरञ्जनको अवसर दिनुपर्छ । नत्र नोकरचाकरको मालिकप्रति असन्तोषको दूरी बढ्छ र स्थिर हुँदैन ।

मान्छे जन्मले चण्डाल हुने होइन, जन्मले ब्राह्मण पनि हुने होइन । कसैको कर्मबाटै चण्डाल हुन्छ, कर्मबाटै ब्राह्मण हुन्छ । यो कुरा श्रमण ब्राह्मणप्रति कुल पुत्रको कर्तव्यमा चर्चा गरिएको छ । कुलपुत्रप्रति श्रमण ब्राह्मणको कर्तव्यमा श्रमण ब्राह्मणहरूले पाप गर्नबाट रोक्ने, नराम्रो सङ्गत गर्न नदिने, असल कर्ममा लगाउने, दान, शील र असल भावनाको उपदेश दिने, सबैको सुख र हित रोज्ने सन्देश बाँड्ने कुरा उल्लेख गरिएको छ । दान दिनु, प्रिय वचनले कुरा गर्नु, परजनको हित हुने काम गर्नु र स्थानानुसार समानता राखेर गर्ने कामलाई पुस्तकमा लोकसङ्ग्रह वस्तु भनिएको छ । पुस्तकमा गृहस्थीहरूले भोगसम्पत्ति चिरस्थायी बनाउन हराएको वस्तु खोजी गर्नुपर्ने, जीर्ण भएको वस्तु जीर्णोद्धार गर्नुपर्ने आफ्नो औकातअनुसार खानपान गर्ने र दुश्चरित्रका व्यक्तिलाई ढुकुटी वा भण्डारको अधिपति बनाउन नहुनेमा जोड दिएका छन् ।

पुस्तकमा समाजलाई सुचारुरूपमा सञ्चालन गर्न समाजका प्रत्येक सदस्यहरूले इमानदारीपूर्वक आफ्नो दायित्व पूरा गर्नुपर्ने कुरा उल्लेख गरिएको छ । जो जसले आफ्नो दायित्व इमानदारीपूर्वक पालना गर्दैनन् उनीहरू समाजका योग्य र प्रतिष्ठित बन्दैनन् । आ-आफ्नो दायित्व बहन गर्न सके जीवन सफल हुन्छ भन्ने यस पुस्तकको सार हो । गृही विनयको भाव समाजको नियम या अनुशासनमा बस्नुपर्छ, मानिसहरू कर्तव्यपरायण हुनुपर्छ । जनकल्याणको मार्गमा नहिँड्ने, आ-आफ्नो व्यक्तिगत र दलगत स्वार्थमा लाग्ने कुनै पनि व्यक्तिहरू समाजका प्रिय बन्दैनन् । बढीभन्दा बढी देश र जनताको सेवा गर्नु नै मानव धर्म हो । यो कुरा राजनीतिक दलका, नेता, मन्त्री, सांसद, कार्यकर्ता र जनप्रतिनिधिमा पनि लागु हुन्छ । यस हिसाबले पुस्तक पठनीय छ । आनन्दकुटी विहार गुठीद्वारा प्रकाशित यो पुस्तक तेस्रो संस्करण हो । यस पुस्तकको अनुवाद केशवलाल कर्माचार्यले गरेका हुन् । सम्बन्धित सबै सरोकारवाला र व्यक्तिमा साधुवाद छ ।

◆

# आदर्श आजाद माध्यमिक विद्यालय

Adarsha Azad Secondary School

Bhimasensthan, Bhelukhel-05, Bhaktapur

:01-6610580

# आदर्श आजाद कलेज

Adarsha Azad College

Estd. 2065 Bhaktapur, Nepal

Bhimasensthan, Bhelukhel-05, Bhaktapur

:01-6610580

## Running Programs:

XI

- Law
- Management
- Hotel Management
- Education
- Humanities

BEd

Math, English, Nepali, Population & Health

BBS

:adarshaazad2016@gmail.com www.adarshaazad.edu.np

:a2hss.college@gmail.com www.adarshaazad.edu.np

भक्तपुर नगरपालिकाबाट संचालित

# ख्वप इन्जिनियरिङ्ग कलेज

पूर्वाञ्चल विश्वविद्यालयबाट सम्बन्धन प्राप्त

भक्तपुर नगरपालिकाबाट संचालित

# ख्वप कलेज अफ इन्जिनियरिङ्ग

त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त

## शैक्षिक कार्यक्रमहरू

**KHWOPA ENGINEERING COLLEGE**

- Master in Earthquake Engineering (2 yrs.)
- M.Sc. in Urban Design & Conservation (2 yrs.)
- Bachelor in Civil Engineering (4 yrs.)
- Bachelor in Architecture (5 yrs.)
- Bachelor in Computer Engineering (4 yrs.)
- Bachelor in Electronics, Communication & Automation Engineering (4 yrs.)

**KHWOPA COLLEGE OF ENGINEERING**


- Bachelor in Civil Engineering (4 yrs.)
- Bachelor in Electrical Engineering (4 yrs.)
- Bachelor in Computer Engineering (4 yrs.)



लिवाली, भक्तपुर | फोन ५१२२०९४, ५१२२०९८

Email : info@khec.com.np | info@khwopa.edu.np | Website : www.khec.edu.np | www.khwopa.edu.np

जि.प्र.का., भक्तपुर द.नं. १२६/२०६९/७०




**Admission Open!!**

**Playgroup to Class 9**

**Facilities:**

- Well Equipped Computer Lab
- Library Facility
- Science / Math Laboratory
- Auditorium
- Audio - Visual Room
- Playground
- School under CCTV survelliance

**GANESH SECONDARY SCHOOL**

Bharwacho, Bhaktapur-1

01-6615912